फरक ढङ्गले काम नगरेसम्म फरक परिणामको... | पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २६२ • २०८० साल फाल्गुन ६ गते आइतबार (18 Feburary, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## आज विश्वासको मत

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सरोजकुमार यादवले आइतवार विश्वासको मत लिने भएका छन् । गठबन्धनमा आवद्ध दलहरुले मुख्यमन्त्री यादवलाई विश्वासको मत दिने भएका छन् भने एमालेले आइतबार निर्णय गर्ने जनाइएको छ ।

सरकारमा आवद्ध जनमत पार्टी सरकारबाट बाहिरिए पछि मुख्यमन्त्री यादव तेस्रो पटककालागि आइतवार विश्वासको मत लिने छन् । प्रदेश सभाले सदस्यहरुलाई आइतवार दिउँसो २ बजेकालागि मतदानकालागि सभाको आह्वान गरेको छ ।

यता लोकतान्त्रिक समाजवादी पार्टी नेपालका मधेश प्रदेश अध्यक्ष जितेन्द्र सोनलले आफ्नो पार्टीको सम्पुर्ण मत मुख्यमन्त्री सरोजकुमार यादवलाई विश्वसाको मत दिने जनाएको छ ।

उनले लोसपा नेपालका प्रदेशसभा सदस्यहरुले मुख्यमन्त्री यादवलाई विश्वासको मत दिने मधेश प्रदेशका पुर्वमन्त्री सोनलले बताए । उनले सत्तागठबन्धनका सबै दलका प्रदेशसभा सदस्यहरुले पनि मुख्यमन्त्री यादवलाई नै विश्वासको मत दिनेमा आफू विश्वस्त रहेको बताए ।

### दुई समुदाय बीच तनाव

## महोत्तरीमा झडप, रौतहटमा कर्फ्यु

**टुडे समाचारदाता**

जलेश्वर । मधेश प्रदेशमा दुई समुदाय बीच भएको झडपले तनावपूर्ण अवस्था सृजना भएको छ । महोत्तरीको सम्सीमा झडप भएको छ भने रौतहटमा कर्फ्यु आदेश जारी गरिएको छ ।



केही महिना अघि सर्लाहीको सदरमुकाममा दशैंको क्रममा भएको दुर्गा पूजाको मुर्ति सेलाउने क्रममा दुई समुदाय बीचको विवादले उग्ररुप लिएपछि झडप भएको थियो । सो झडपको क्रममा एक जना युवाको मृत्यु भएको थियो भने प्रहरीसहित केही व्यक्तिहरु घाइते पनि भएका थिए । जसकारणले गर्दा स्थानीय प्रशासनले अनिश्चितकालिनसम्म कर्फ्यु नै जारी गरेर धार्मिक सहिष्णुतालाई ख्याल गर्दै उत्पन्न समस्या समाधान गरिएको थियो ।

तर करिब तीन महिना नबित्दै महोत्तरी र रौतहटमा सरस्वती पूजा सम्पन्नपछि मूर्ति सेलाउने क्रममा मुस्लिम समुदायले बाधा अवरोध सृजना गरे पछि दुई पक्ष बीच झडप भएको छ । महोत्तरीको सम्सी गाउँपालिका वडा नम्बर २ स्थित महावीर झण्डा मेलाको अवसरमा निकालिएको कलश यात्राका क्रममा हिन्दू र मुस्लिम समुदायबीच झडप भएको छ ।

ब्रह्मस्थान मन्दिरमा महावीर झण्डा मेलाको उद्घाटन अघि वडा नम्बर १ बाट कलश यात्रा निकालिएको थियो । सो कलश यात्रा मस्जिद भएको स्थानबाट जाँदै गर्दा मुस्लिम समुदायले जय श्रीरामको नाराबाजीको विरोध गर्दै अवरोध खडा गरेपछि झडप भएको स्थानीयहरु बताउँछन् ।

झडप भएपछि स्थानीय प्रहरीले अवस्थालाई नियन्त्रणमा लिनका लागि चार राउण्ड हवाई फायरसमेत गरेका थिए । प्रहरीले हवाई फायर गरेपछि भागदौड हुँदा तीनजना घाइते भएको थियो ।

महोत्तरी प्रहरीले अवस्थालाई नियन्त्रणमा लिएपछि त्यहाँको अवस्था सामान्य बनेको छ ।

यता, रौतहटमा स्थानीय प्रशासनले कर्फ्यु जारी गर्नु परेको छ । भने महोत्तरीको सम्सीमा भएको झडपलाई प्रहरीले थामथुम पार्न सफल भएको छ ।

रौतहटको ईशनाथ नगरपालिकामा सरस्वतीको मूर्ति सेलाउन जाने बाटो अवरुद्ध गरेको २४ घण्टापछि कर्फ्यू जारी गरिएको छ । ईशनाथ नगरपालिका-७ घिउराटोलमा सरस्वतीको मूर्ति सेलाउन जाँदा शुक्रबार दिउँसोदेखि नै बाटो अवरुद्ध गरेको स्थानमा शनिबार साँझ दुई पक्ष बीच झडप भएको थियो ।

मूर्ति लैजाने विषयमा विवाद सुरु भएपछि शुक्रबारदेखि नै रौतहटका प्रहरी उपरीक्षक महेन्द्र कुमार श्रेष्ठको नेतृत्वमा नेपाल प्रहरीसंगै ठूलो संख्यामा सशस्त्र प्रहरी परिचालन गरिएको थियो । शनिबार भएको दोहोरो झडपमा केही स्थानीयवासीलाई चोटपटक लागेपछि स्थानीय प्रशासनले कर्फ्यु आदेश जारी गरिएको छ ।

जिल्ला प्रहरी प्रवक्तासमेत रहेकी प्रहरी नायब उपरीक्षक एलिजा गिरीले साँझ ५ बजेदेखि लागु हुने गरी घिउरा गाउँ पूर्वमा जोकाहा गाउँ, पश्चिममा सानो घिउरा, उत्तरमा रामपुरखाप र दक्षिणमा जयनगरसम्म अनिश्चितकालका लागि कर्फ्यु आदेश जारी गरिएको बताइन् ।

घिउरा गाउँका स्थानीय शुक्रबार सरस्वती माताको मूर्ति लिएर बर्सेनि सेलाउँदै आएको गाउँ छेउको पोखरीमा जाने क्रममा मुस्लिम समुदायका मानिसहरूले बाटो अवरुद्ध गरेका थिए । ट्र्याक्टरमा डिजे बाजा बजाएको कारण बाटो अवरुद्ध गरेको मुस्लिम पक्षको आरोप छ ।

शुक्रबार दिउँसो दुई बजेदेखि मूर्ति सेलाउन जाने हिन्दू समुदायका स्थानीयवासीहरुलाई बाटोमै मूर्ति राखेर धर्नामा बसेका थिए । रौतहटका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीको रोहबरमा दुवै पक्षलाई राखेर मूर्ति सेलाउन दिने सहमति भएको थियो । सरस्वतीको मूर्ति सेलाउन एउटा बाटोबाट लैजान र डिजे बाजा अर्को बाटोबाट लैजान दिने सहमति विपरीत केही युवाहरूले ढुंगामुढा गरेपछि अवस्था तनावग्रस्त बनेको प्रवक्ता गिरीले बताइन् ।









# दशबुँदे घोषणापत्र जारी गर्दै नगर युवा सम्मेलन सम्पन्न

**टुडे समाचारदाता**

राजविराज । 'समृद्ध नेपालका लागि स्वास्थ्य, कर्मठ र उद्यमी युवा' भन्ने नाराका साथ युवामैत्री नगरपालिका निर्माणका लागि १० बुँदे घोषणापत्र जारी गर्दै सप्तरीको खडक नगरपालिकामा आयोजित नगरस्तरीय युवा सम्मेलन शनिबार सम्पन्न भएको छ।

राष्ट्रिय युवा परिषद् सानोठिमीको समन्वय तथा नगर कार्यपालिकाको आयोजनामा जिल्लाको कल्याणपुरमा नगरस्तरीय युवा सम्मेलन सम्पन्न भएको छ। सो क्रममा नगरपालिकामा नवगठित नगरस्तरीय युवा सञ्जालले युवामैत्री नगरपालिका निर्माणका लागि नगरस्तरीय युवा सम्मेलनमा युवा क्लबका अध्यक्ष पल्हाद चौधरीले नगर प्रमुख जयप्रकाश चौधरीलाई घोषणापत्र हस्तान्तरण गरे।

नगरपालिकाका १६ देखि ४० वर्षसम्मका युवाको नेतृत्व र व्यक्तित्व विकास गर्ने उद्देश्यले नगरपालिकास्तरीय युवा परिषद् गठन गर्ने, नगरपालिकास्थित सडकका अनाथ एवं असहाय बालबालिकाको सुरक्षा, हकहित संरक्षण र भविष्य सुनिश्चित गर्न नगरस्तरीय बालगृह स्थापना गर्नुपर्ने, नगरपालिकाका युवालाई उद्यमी बनाउन युवा स्वयंसेवा गर्न प्रतिबद्ध रहेको हुँदा नगरस्तरीय उद्योग तथा व्यवसाय सञ्चालन गर्नुपर्ने घोषणापत्रमा उल्लेख छ । यस्तै घोषणापत्रमा युवामैत्री नगरपालिका बनाउन आवश्यक सूचकाङ्क पूरा गरी आव २०८०/८१ भित्र नगरपालिकालाई युवामैत्री घोषणा गरिनुपर्ने, नगरपालिकामा खेलकुद र मनोरञ्जन क्षेत्रलाई व्यवस्थित र थप प्रभावकारी बनाउन खेलमैत्री वातावरण, खेलमैदान, खेलकुद सामग्री र अनुभवी प्रशिक्षकको जगेर्ना गरिनुपर्ने, नगरपालिकाका युवा विद्यार्थीलाई आवश्यकता र प्राथमिकताअनुसार प्रशासनिक निकाय, निजामती सेवा तथा सरकारी कार्यालय व्यस्थापनतर्फ आकर्षित पार्न निःशुल्क लोक सेवा कक्षाको व्यवस्था गरिनुपर्ने, नगरपालिकाका किसानलाई प्राथमिकताअनुसार मलखाद, बीउ-बिजन, कृषि सामग्रीको उचित समयमा व्यस्थापन गर्दै आवश्यकताअनुसार सिँचाइको व्यवस्था गरिनुपर्ने, नगरपालिकाको माविस्तरको शिक्षालाई गुणस्तरीय, व्यावसायिक एवं उद्यमशीलता मूलक बनाइनुपर्ने उल्लेख छ।

यसैगरी, नगरपालिकामा विद्यालय अव्यवस्थित रहेका र ५० मिटरभित्रमा कुनै पनि किसिमको सुर्तीजन्य पदार्थ, मादक पदार्थ, लागुऔषध किनमेल गर्न नपाइने घोषणपत्रमा उल्लेख छ । साथै नगरपालिकाका धुम्रपान एवं लागुऔषध दुर्व्यसनीमा फसेका युवाका लागि सुधार केन्द्रको स्थापना गरिनुपर्नेमा जोड दिइएको छ।

# महोत्तरीका किसान सजिउनको व्यावसायिक खेतीतर्फ आकर्षित

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीमा सजिउन (मुन्गा)को व्यावसायिक खेती बढ्न थालेको छ। स्वास्थ्यका लागि गुणकारी मानिने सजिउनको खेतीमा यहाँका प्रत्येक घरपरिवार लागेका छन् । खेतका आली र कतैकतै रुखो कान्लाबारीमा पनि सजिउनका बोट लगाएको देख्न सकिन्छ।

बर्दिवास नगरपालिका-६ र ७ का अधिकांश बस्तीका किसानले १०/१५ संख्यामा सजिउन हुर्काइरहेका छन् । सेताम्य फूल्न लागेका सजिउनका बोटमा जोसुकैको नजर पर्न थालेका छन्। "हाम्रो बस्तीका सबै जसो घरपरिवारले कम्तीमा पनि १०/१२ सजिउन लगाएकै छन्", बर्दिवास-६ किसाननगरको कृष्णपुरका २५ वर्षे सरोज यादवले भने, "पछिल्ला पाँच/सात वर्षयता सजिउन लगाउनेको संख्या बढ्न थालेको छ ।" खानाका लागि स्वादिष्ट हुनुका साथै स्वास्थ्यका दृष्टिले पनि गुणकारी भएको उनको भनाइ छ।



खनजोत, गोडमेल खासै केही गर्नु नपर्ने सजिउनको रुख रोप्न सजिलो छ। हुर्केको बोटको छिप्पिएको हाँगा काटेर चिस्यान भएको ठाउँमा एक हातजति खाल्डो खनेर गाडेपछि हुर्कने हुँदा यसलाई कम मेहनतको खेती पनि भनिन्छ।

"यसपाली रोपेको हाँगो अर्को वर्ष फलिहाल्छ, अनि बजारमा अरु तरकारीको तुलनामा राम्रो मूल्यमा बिक्छ", बर्दिवास-७ जुरेटोलका किसान धनसिंह केप्छाकीले भने, "एउटा राम्ररी झाङ्गिएको बोटबाट सिजनभरि घरमा खाएर रु तीनदेखि चार हजारसम्म आम्दानी गर्न पनि सकिन्छ।"

बजारमा बिक्री गर्न समस्या नहुने र मूल्य पनि राम्रो पाइने भएपछि किसानमा पछिल्ला केही वर्षयता सजिउनको खेतीमा आकर्षित भएको उनको भनाइ छ । गत वर्ष आफ्ना पाँच/छ वटा बोटबाट घर र आफन्तकहाँ खपत भएर पनि १५ हजारभन्दा बढीको बिक्री गर्न सफल भएको क्याप्छाकीले सुनाए।

सजिउनको बोटमा सामान्यतः चैत/वैशाखमा राम्रो फल लाग्छ। मधेशमा खासगरी मिथिला क्षेत्रमा प्रत्येक वर्षको चैत-वैशाखमा आठ-दश छाकमात्रै सजिउनको तरकारी खाने चलन थियो । यसको सेवनबाट बिफरलगायत छालासम्बन्धी समस्या नहुने विश्वास छ। मिथिलामा प्रत्येक नयाँ वर्ष मनाइने जुडशीतल पर्वमा 'सजिउनको' को परिकार विशेष तयार हुन्छ।

विशेष गरी महोत्तरीका उत्तरीक्षेत्रका बर्दिवास, गौशाला, भङ्गाहा र औरही नगरपालिका क्षेत्रमा बर्सेनि यसको खेती बढ्दो छ। "यसको खेतीका लागि न मल चाहिने, न गोडमेल नै। पहिलोचोटी राम्रो खाल्डो खनेर चिस्याइएको माटोमा हाँगा रोपे पनि पुग्छ", बर्दिवास-७ प्रेमनगरका रामचन्द्र महतोले भने, "गाडिएको हाँगा कसैले नहल्लाइदिए सरी हाल्छ।" निकै कम लगानीमा हुने यो खेतीको आम्दानी राम्रो हुने महतोको अनुभव छ।

बर्दिवास नगरपालिकाका पूर्वपश्चिम राजमार्ग मास्तिर (उत्तर)का खयरमारा, टुटेश्वर, गणन्ता, चेरु, सोनापेटी, वरडाँडा, भब्सी, पाटु, कालापानी, रजबास, पर्साहीधापसहितका बस्तीमा अहिले सेताम्य फूलले ढकमक्क सजिउनका रुख बाक्लै देखिन्छन् । सजिउन चैतदेखि जेठभरिकै घरघरकै तरकारी हुने गरेको बर्दिवास-१० खयरमाराका ६० वर्षीय प्रेमध्वज लामा बताउछन्।

"सिजनभरि तरकारी खाएर सबैले बुटैपिच्छे सरदर तीन/चार हजारको सजिउनको फल बेच्छन्", लामा भन्छन् "गरिब परिवारका किसानलाई पनि चैत वैशाखको अनिकालमा यो घरगुजाराको सहारा बनेको हुन्छ।"

सजिउन स्वास्थ्यका लागि गुणकारी तरकारी भएको हुँदा खानामा यसको प्रयोग बढ्दा रोगप्रतिरोधात्मक क्षमता बढ्ने बर्दिवास अस्पतालका मेडिकल अफिसर डा किशोर अधिकारी बताउँछन्। सजिउनको कलिलो मुन्टा, फूल र फल तरकारीमा प्रयोग गरिनछ।

# काठमाडौँ–तराई द्रुतमार्ग : ३१ प्रतिशत काम सकियो, जेठभित्र दुई सुरुङको 'ब्रेक थ्रु'

निजगढ । राष्ट्रिय गौरव एवं रणनीतिक महत्वको काठमाडौँ-तराई/मधेस द्रुतमार्ग निर्माणको करिब ३१ प्रतिशत काम सकिएको छ। चालु आर्थिक वर्ष २०८०/८१ को माघ मसान्तसम्म आयोजनाको ३० दशमलव ९६ प्रतिशत भौतिक र ३१ दशमलव ५७ प्रतिशत वित्तीय प्रगति भएको छ।

मुआब्जा वितरण तथा जग्गा अधिग्रहण हुन बाँकी खोकना क्षेत्र र अदालतमा मुद्दा परेका ठेक्का प्रक्रियामा बाहेक कामको प्रगति सन्तोषजनक रहेको नेपाली सेनाका प्राविधिक सहायक रथी तथा आयोजना प्रमुख विकास पोखरेलले जानकारी दिनुभयो।

"ठेक्का लागिसकेका काममा प्रगति राम्रो छ । केही खरिद प्रक्रिया टुङ्गिन बाँकी छन् । मुद्दा मामिलामा पनि गएका छन् । तर हामीले तोकिएको समय २०८३ चैतसम्ममा आयोजनाको काम सम्पन्न गर्ने लक्ष्य राखेका छौँ", उहाँले भन्नुभयो । खरिद प्रक्रियालाई लिएर पाटन उच्च अदालतमा दायर भएको मुद्दाको चाँडो निरुपण भएर काम अघि बढ्न सके तोकिएको समयभित्रै काम सम्पन्न हुने उहाँको भनाइ छ । राष्ट्रिय गौरवको आयोजनामा आइपर्ने कानुनी, प्रशासनिक तथा अरु कठिनाइलाई प्राथमिकताका साथ चाँडो टुङ्ग्याउन सक्नुपर्ने पोखरेल बताउनुहुन्छ।

करिब ७१ किलोमिटर लम्बाइ रहेको सो आयोजना काठमाडौँमा चार दशमलव छ, ललितपुरमा ९, मकवानपुरमा ४९ दशमलव ७० र बारामा सात दशमलव छ किलोमिटर पर्दछ। आयोजनाको कूल १३ निर्माण प्याकेज रहेकामा प्याकेज नम्बर १ देखि ७ र १० को खरिद प्रक्रिया सम्पन्न भई कार्यान्वयनको चरणमा छ। प्याकेज नम्बर ८ (क), ८ (ख), ९ (क) र ९ (ख) को भने खरिद प्रक्रिया नै विवादित छ । पटक-पटक ठेक्का आह्वान गर्दा पनि यी चार प्याकेजको खरिद प्रक्रिया टुङ्गिन सकेको छैन। अहिले यसको मुद्दा पाटन अदालतमा विचाराधीन छ।

त्यसैगरी, प्याकेज नम्बर ११ अन्तर्गत पर्ने खोकना क्षेत्रमा द्रुतमार्गको सुरु विन्दु निर्धारण, सो क्षेत्रको सवारी आवागमन व्यवस्थापन र जग्गा अधिग्रहण विवाद समाधान गर्न बाँकी छ। यही कारणले सो क्षेत्रमा आयोजनाको खरिद प्रक्रिया सुरु हुन सकेको छैन। अहिले आयोजनाको करिब ९५ प्रतिशत प्याकेज कार्यान्वयन तथा खरिद प्रक्रियामा गइसकेको आयोजनाको अपरेसन तथा कार्यान्वयन महाशाखा प्रमुख इन्दिवर गुरुङ बताउनुहुन्छ।



खरिद प्रक्रियामा गइसकेका काममा मुख्यगरी सुरुङमार्ग र पुल निर्माणको काम धमाधम भइरहेका छन् । अहिले निर्माणाधीन तीन सुरुङमार्गको कुल लम्बाइ ६ दशमलव ४१५ किलोमिटरमध्ये चार दशमलव ३२५ किलोमिटर अर्थात् ६७ दशमलव ४३ प्रतिशत खन्ने काम सकिएको छ।

लेनडाँडा सुरुङमार्ग आगामी वर्ष वैशाखभित्र, धेद्रे सुरुङमार्ग जेठभित्र र महादेवटार सुरुङमार्ग आगामी वर्ष असोज तथा कात्तिकभित्र 'ब्रेक थ्रु' गरिसक्ने गरी काम भइरहेको आयोजनाका इन्जिनियर विनायक शर्माले जानकारी दिनुभयो। एउटा सुरुङमार्गमा हरेक दिन औसत तीन मिटर हाराहारी खन्ने काम भइरहेको उहाँको भनाइ छ।

महादेवटार सुरुङमार्गको लम्बाइ तीन दशमलव ३५५ किलोमिटरमध्ये हालसम्म एक दशमलव ९४८ किलोमिटर सुरुङ खन्ने काम सकिएको छ। त्यसैगरी, धेद्रे सुरुङमार्गको कुल लम्बाइ एक दशमलव ६३ किलोमिटरमध्ये हालसम्म एक दशमलव १७३ किलोमिटर सुरुङ खनिसकेको छ। लेनडाँडा सुरुङमार्गको स्वीकृत विस्तृत आयोजना प्रतिवेदन (डिपीआर) बमोजिम कुल लम्बाइ एक दशमलव ४३ किलोमिटर रहेकामा हालसम्म एक दशमलव २०४ किलोमिटर सुरुङ खनिएको छ।

आयोजनाको ६ स्थानमा सुरुङमार्ग छन् । सबै सुरुङमार्गको कुल लम्बाई १० दशमलव ५५ किलोमिटर छ। यसमा देवीचौरी सुरुङ एक किलोमिटर, सिसौँटार सुरुङ शून्य दशमलव ३९, चन्द्राम भीर सुरुङ दुई दशमलव २५, महादेवडाँडा सुरुङ तीन दशमलव ३५५, धेद्रे सुरुङ एक दशमलव ६३० तथा लेनडाँडा सुरुङ एक दशमलव ४३० किलोमिटर छ।

त्यसैगरी, आयोजनामा कुल ८९ पुल बन्नेछन्। यसको कुल लम्बाइ १२ दशमलव ८८५ किलोमिटर हुनेछ । बुदुनेमा दुई विश्रामस्थल बन्नेछन् भने खोकना, बुदुने र निजगढमा इन्टरचेञ्ज बन्नेछन् । त्यस्तै, टोलप्लाजा पनि खोकना, बुदुने र निजगढमा बन्नेछन् । हालसम्म ठेक्का व्यवस्थापन भई कार्यान्वयनमा रहेका प्याकेज नम्बर १ देखि ७ सम्मका पुलअन्तर्गत रहेका कुल दुई दशमलव ८०२ पाउन्डेसन पाइलमध्ये एक दशमलव ६६५ पाइल निर्माण कार्य सम्पन्न भइसकेको आयोजनाले जनाएको छ।

द्रुतमार्गको सडकको चौडाइ पहाडी भू-भागमा २५ मिटर र तराई भू-भागमा २७ मिटर रहेको छ। आयोजना निर्माणका लागि अधिग्रहण गर्नुपर्ने कुल १५ हजार चार सय १६ रोपनी जग्गामध्ये सरकारी जग्गा १० हजार दुई ४४ र व्यक्तिगत जग्गा पाँच हजार एक सय ७२ रोपनी रहेको छ। अधिग्रहणको सूचनामा प्रकाशित व्यक्तिगत जग्गा पाँच हजार एक सय ७२ रोपनीमध्ये हालसम्म चार हजार सात सय ७७ रोपनी जग्गा अधिग्रहण भइसकेको छ । तीन सय ९५ रोपनी जग्गा अधिग्रहण हुन बाँकी रहेको नेपाली सेनाले जनाएको छ। खोकना-बुङ्गमती क्षेत्रमा दुई सय १४ रोपनी जग्गाको मूल्य निर्धारण भई मुआब्जा वितरण हुन बाँकी छ भने एक सय ६५ रोपनी जग्गाको मूल्य निर्धारण हुन सकेको छैन। यो क्षेत्रमा कुल तीन सय ७९ रोपनी जग्गा अधिग्रहण हुन बाँकी छ।

आयोजनाका लागि हालसम्म कटान गरिएका रुखको बदलामा एक अनुपात २५ का दरले वृक्षरोपण गरिएको सेनाले जनाएको छ। आयोजनाका लागि कूल सात लाख चार हजार चार सय ४० बिरुवा रोप्नुपर्नेमा हालसम्म जम्मा सात लाख पाँच हजार पाँच सय ५२ बिरुवा रोप्ने कार्य सकिएको छ।

मन्त्रिपरिषद्को २०७४ वैशाख २१ गतेको निर्णयअनुसार राष्ट्रिय गौरव एवं रणनीतिक महत्व बोकेको यो आयोजनाको निर्माण व्यवस्थापनको जिम्मेवारी सेनाले पाएको थियो। आयोजनाको २०७४ जेठ १४ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाराको निजगढमा शिलान्यास गर्नुभएको थियो । विसं २०७४ साउन २७ गते सडक विभागबाट नेपाली सेनालाई आयोजना हस्तान्तरण भएको थियो। सोही वर्ष मङ्सिरदेखि नेपाली सेनाको जनशक्ति तथा राष्ट्रियस्तरका निर्माण व्यवसायीमार्फत द्रुतमार्गको ट्र्याक निर्माणको काम थालिएको थियो । गत वैशाखमा आयोजना सम्पन्न हुने समयावधि बढाएर २०८३ चैत मसान्तसम्म पुऱ्याइएको थियो। रासस

# बसपार्क संचालनमा आएन्




**बखतियार अलि**

मलंगवा। सर्लाही जिल्लाको सदरमुकाम मलंगवामा व्यवस्थित रूपमा निर्माण भएको नयाँ बसपार्क उद्घाटन भएको एक वर्ष बितिसक्दा पनि संचालनमा आउन सकेको छैन्।

यातायात व्यवस्थापनको लागि बनाइएको उक्त बसपार्क मलंगवा नगरपालिकाको वडा न-२ स्थित जिल्ला प्रहरी कार्यालयको छेउमा रहेको छ।

पूर्व मेयरको पालामा मलंगवा वडा न-२ मा रहेको श्रीराम कबिर मठले उपलब्ध गराएको २५ रोपनी जग्गामा संघीय आयोजना कार्यान्वयन एकाई जनकपुरधामले ८ करोड ३१ लाख रूपैयाँको लागतमा निर्माण गरेको उक्त बसपार्कको निर्माणकार्य वर्तमान मेयर नागेन्द्र प्रसाद यादवको पालामा सम्पन्न भइ उद्घाटन भएको थियो।

संघीयआयोजनाकार्यान्वयन एकाइ जनकपुरधामले २०७९ साल माघ ४ गते नगरपालिका कार्यालयलाई हस्तान्तरण गरेको बसपार्क बस व्यवसायीबीचको आन्तरिक द्वन्द्वका कारण उद्घाटन हुन सकेको थिएन। वडा न-९ स्थित रहेको पुरानो बसपार्क अत्यन्त साँघुरो र अव्यवस्थित रहेकोले बस व्यवसायी मध्येको एक पक्ष नयाँ बसपार्कमा जाने पक्षमा थिए भने अर्को पक्ष पुरानै बसपार्कबाट बस संचालन गर्ने अडान लिँदै आएका थिए।

जसले गर्दा उद्घाटनमा ढिलाइ भएको थियो । जसोतसो अर्को पक्षलाई पनि सहमति गराइ हस्तान्तरण गरेको एक महिना पछि धुमधामका साथ मेयर यादव र तत्कालीन प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले संयुक्तरूपमा उद्घाटन गरी नयाँ बसपार्क संचालनमा ल्याएको थियो । तर उद्घाटन गरेको एक महिना पनि नबित्दै बसहरु पुनः पुरानै बसपार्कबाट सञ्चालन भइरहेको छ।

लोकल रुटमा चल्ने म्याजिक बाहेक मलंगवाबाट छुट्ने दुई दर्जन भन्दा बढी बस र टेम्पुहरु पुरानै बसपार्कबाट संचालन भइरहेको छ । बिच बजारमा बसपार्क राख्दा नगरको सौन्दर्य र बजारको व्यवस्थापनमा समस्या आउने भएकोले बसपार्क राख्नु ठिक नहुने स्थानीय बुद्धिजीवीहरुको भनाइ छ।

पुरानो बसपार्कमा बसहरु राख्न तथा यात्रुलाई चढाउन र ओराल्न पर्याप्त ठाउँ नरहेको र सो बसपार्कबाट बस निकाल्दा र प्रवेश गराउँदा सडकमा जाम लाग्ने गरेकोले एकैसाथ ५२ वटा ठूला र २० वटा साना सवारीसाधन पार्किङ गर्न मिल्ने नयाँ बसपार्कबाटै बस संचालन गर्दा ठिक हुने नागरिक समाजका महासचिव शिवचन्द्र चौधरी बताउँछन्।

नयाँ बसपार्कमा साढे दुईतले टर्मिनल भवन, सार्वजनिक शौचालय, खानेपानी, यात्रु प्रतीक्षालय, क्यान्टिन, वर्कसपक्षेत्र लगायतका सुविधा रहेका छन्।

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त। |
| बृष | : वाद विवादबाट बच्नु। |
| मिथून | : पुरस्कार प्राप्त लाभ। |
| कर्कट | : नयाँ कार्य हुने। |
| सिंह | : बौद्धिक क्षमता। |
| कन्या | : प्रतिभा सम्पन्नता। |
| तुला | : शिक्षामा उन्नति। |
| वृश्चिक | : पारिवाहिक सुख। |
| धनु | : धन वृद्धि सञ्चय। |
| मकर | : प्रेम प्रसंग, मित्र सुख। |
| कुम्भ | : सुख समृद्धि हुने। |
| मीन | : भ्रमण अवसर हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



शनिबार जनकपुरधामको बारहविघामा सम्पन्न नेपाल पत्रकार महासंघ धनुषा र जनकपुरधाम उद्योग वाणिज्य संघ विचको मैत्रीपुर्ण खेलमा महासंघ धनुषा विजयी भएपछि शुभकामना दिदै संघका पदाधिकारी । *तस्विर : टुडे*

# फरक ढङ्गले काम नगरेसम्म फरक परिणामको आश गर्न सकिँदैन : डा तोसिमा कार्की

काठमाण्डु । संसदीय अभ्यासको अहिलेसम्मको समीक्षा गर्दा पुरानै शैलीले हामीले काम गर्ने हो भने नयाँ परिणामको अपेक्षा गर्न सकिन्न । त्यही भएर अहिले हामीले फरक परिणामको अपेक्षासहित फरक ढङ्गले काम गर्न आवश्यक छ ।

संविधानमा व्यवस्था भएअनुसार जनतालाई आधारभूत आवश्यकता पूरा भएको अनुभूति दिलाउने र जनमुखी मुद्दा सम्बोधन भएको देख्न चाहन्छौँ भने हामीले शैली बदल्नै पर्छ । शैली बदल्नका लागि नियत बदल्नुपर्छ, नियत बदलियो भने मात्र भएका नीतिले काम गर्छ भन्ने मैले अनुभूत गरेकी छु ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद अल्पमतमा भए पनि सही हामीले मुद्दा सही ठाउँमा सही तरिकाले सही व्यक्तिमार्फत उठाउने हो भने काम गर्न सकिन्छ भनेर अघि बढिरहेका छौँ । प्रतिनिधिसभामा विधायिकाको रुपमा झण्डै डेढ वर्षको अनुभवमा छोटो समयका लागि भए पनि सरकारमा सहभागी भयौँ । अहिले हामीले रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गरिरहेका छौँ ।

विगतको अभ्यास हेर्दा धेरैजसो बजेट तथा कार्यक्रम सत्तापक्षले चाहेकोजस्तो आउँदो रहेछ । अहिले पनि नीति कार्यक्रममा जे लेखिए पनि बजेट बाडँफाँट हुँदा सत्तापक्ष नै हाबी हुने देखियो । दुःखको कुरा सत्तापक्षले नै मेहेनत गरेर आ-आफ्नो क्षेत्र र ठाउँमा ल्याएको योजना तथा छुट्याएको बजेट पनि कार्यान्वयन भएको देखिँदैन । आर्थिक वर्षको अन्तिममा ठेक्कापट्टा लगाउने, काम अधुरै रहने र रकम खर्च नहुने समस्या पटकपटक दोहोरिनु हुँदैन, हामीले खबरदारी र जवाफ माग्नेक्रम जारी राखेका छौँ ।

**प्रतिपक्षका सुझाव सरकारले ग्रहण गर्नुपर्छ**

अघिल्लो अधिवेशनको समीक्षापछि सत्तापक्ष र प्रतिपक्षका सबै सांसदले सशक्त र प्रभावकारी रुपमा अघि बढ्ने प्रतिबद्धता जनाएका छन् । अहिले संसद्मा कार्यतालिका लागु गरिएको छ । संसदीय समिति अझ चलायमान हुन थालेका छन् । संसद्को समय खेर फाल्ने र अलमल गर्ने क्रियाकलाप यसपटक नदोहोऱ्याउने सङ्कल्पसहित धेरैभन्दा धेरै विधेयक पारित र छलफल गर्न सांसद सबै प्रतिबद्ध देखिनुभएको छ । यही गतिमा हामीले साझा मुद्दामा साझा धारणा कायम गर्न सक्यौँ भने धेरै काम गर्न सक्छौँ । यो सकारात्मक सुरुआत हो ।

विधेयक निर्माणसँगै जनताका मुद्दामा बोल्नेलगायतका प्रतिबद्धता व्यवहारतः कति लागू होलान, हेर्न बाँकी नै छ । जहाँसम्म राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को कुरा छ, हामी कहिल्यै पनि सदन अवरोध गर्ने बाटोमा छैनौँ । हामी फरक मत र फरक विचारसहित फरक ढङ्गले काम गर्छौं, संसद्मै बसेर छलफल, विचार र विमर्श गर्छौं ।

अहिले शिक्षा, स्वास्थ्यलगायतका विषयमा गैरसरकारी विधेयक ल्याउने तयारी गर्दैछौँ । त्यहीअनुसार जलन, आकस्मिक सेवा र कृषिसम्बन्धी विधेयकको तयारी गरिरहेका छौँ । सरकार संसद्प्रति र सांसद जनताप्रति उत्तरदायी हुनुपर्छ । संसद् प्रतिपक्षको हो भनिन्छ तर प्रतिपक्षले ल्याएका विषय जनमुखी हुँदाहुँदै, जनताका विषयमा बोल्दाबोल्दै पनि सत्तापक्षले त्यसमा समर्थन नगर्नु विडम्बना हो । सदनमा राम्रो संशोधन, जनताका पक्षका प्रस्ताव जो कोहीले ल्याए पनि यसमा सत्तापक्ष र प्रतिपक्षको रुपमा विभाजित भई जुङ्गाको लडाइँ गर्नुहुँदैन । दम्भको लडाइँलाई थाँति राखेर जनताका पक्षमा एक ठाउँमा उभिने हो भने धेरै काम हुन सक्छन् । रचनात्मक प्रतिपक्षको भूमिकाबाट हामीले दिने सुझावले कानुनलाई थप परिस्कृत र परिपक्व बनाउन सक्छ भने अल्पमत एवं प्रतिपक्षमा रहेका सांसदबाट आएका सुझाव सत्तापक्षले ग्रहण गर्नुपर्छ । तब मात्र जनताको हितमा सरकारले काम गर्न सक्छ, काम देखाउन सक्छ ।

सङ्घीय शासन प्रणालीको अभ्यास गरिरहँदा अहिले पनि आमजनताले विधायिकासँग आफ्नो क्षेत्रको विकास निर्माणसम्बन्धी अपेक्षा गर्नुहुन्छ । प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित जनप्रतिनिधिसँग अझ बढी अपेक्षा गरिएको हुन्छ । आमजनतामा पनि यो चेतनाको विकास गर्दै लग्नुपर्छ कि स्थानीय तहको सरकारले नितान्त विकास निर्माण र व्यवस्थापनको काम गर्छ । प्रदेश तह र सङ्घीय संसद्ले विशुद्ध नीति निर्माणमा काम गरोस् भन्ने हो । यी तीन तहबीच समन्वय र सहकार्य टुट्न हुँदैन । स्थानीय तहले कुनै पनि नीति कार्यान्वयनका क्रममा केही अप्ठ्यारो भएमा नीतिगत, कानुनी गाँठो फुकाउने काम सङ्घीय सरकारले गर्ने हो । त्यसैले पनि जनप्रतिनिधिले अध्ययन, खोज र अनुसन्धान गर्दै कानुन बनाउनुपर्छ । नीति तथा ऐन बन्दै गर्दा सम्बन्धित सरोकारवाला पक्षलाई सोध्ने र खोज्ने काम गर्नुपर्छ ।

**सांसदलाई अध्ययन अति आवश्यक**

सांसदलाई अध्ययन अति आवश्यक हुन्छ । अध्ययन र अनुसन्धानबिना बनाएका नीतिले जनताका पक्षमा अपेक्षित परिणाम दिन सक्दैनन । अहिले हाम्रा नीति कार्यान्वयनमा ‘असफल’ भइरहेको कारण त्यसको पनि परिणाम हो । कानुन निर्माणको पाटोमा दूरदृष्टिको अभ्यास अलिक कम छ किनकि हामीमा अध्ययनको अभाव छ ।

कानुन र नीतिको आवश्यकताको मूल्याङ्कन, तथ्याङ्कपरक हुनुपर्छ । उक्त कानुनले जनतामा कस्तो प्रभाव पार्छ वा के फरक ल्याउँछ भन्नेमा अध्ययन हुनुपर्छ । अध्ययनबिना एउटा कोठामा सांसद बसेर बनाएको नियम कानुनले व्यवहारमा काम गर्न सक्दैन, त्यो कार्यान्वयनमा असफल हुन्छ, यसले सिङ्गो सरकार असफल देखिन्छ । अनुसन्धानात्मक लेख, खोजमुलक लेखको अध्ययन, सरोकारवाला, विज्ञसँग संवाद, विचार र विमर्श गर्नुपर्छ । हाल म एउटा विधेयकको अध्ययनमा व्यस्त छु ।

**राजनीति प्रतिस्पर्धा हैन, समाजसेवा हो**

राजनीति प्रतिस्पर्धा हैन । यो विशुद्ध समाज सेवा हो । हिजो मैले अभ्यास गरिरहेको चिकित्सकीय सेवाभन्दा पनि माथिको सेवा राजनीति हो । यसले समग्र स्वास्थ्य क्षेत्रमा सुधार ल्याउन सक्छ । देशमा सुशासन कायम गर्ने र अन्य सम्पूर्ण क्षेत्रको सुधार गर्न सक्छ । तर राजनीति आफैँमा शुद्ध भएन भने त्यसले दुर्घटना पनि निम्त्याउन सक्छ । राजनीतिमा प्रवेशपछि आलोचना र चुनौतीसँग स्वभाविक रुपमा धेरै सामना गरिरहेकी छु । यी सबैले मलाई परिपक्व र उत्तरदायी बनाइरहेको छ ।

पुरानो राजनीतिक पृष्ठभूमिमा रहेका परिपक्व नेतासँग संसदीय अभ्यास गरिरहँदा धेरै सिक्ने क्रम जारी छ । कतिपय गर्न नहुने कुरा पनि उहाँहरुको गल्तीबाट सिक्दैछौँ । राज्यका हरेक क्षेत्रमा भागबन्डा भइरहेको छ, यो स्पष्ट देखिन्छ । राजनीतिक भागबन्डा र मिलेमतो हुने, भ्रष्टाचारका फाइल आपसी स्वार्थमा लुकाउने काम भइरहेका छन् । आफ्ना नजिकका मान्छे संरक्षण गर्ने र व्यक्ति विशेष कानुन बनाउने संस्कारले राज्यलाई नै धरापमा पारेको छ, जसका कारण राजनीतिप्रति आमजनताको वितृष्णा बढेको छ । यो चिन्ताको विषय हो ।

**सरकारको सबैभन्दा ठूलो प्रतिपक्ष जनता**

सफल मुलुकका लागि व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकासँगै नागरिक पनि जिम्मेवार हुनुपर्छ । हरेक नागरिकका काम, कर्तव्य र अधिकार हुन्छन, राज्यप्रतिको दायित्व स्व-मूल्याङ्कन गर्न सक्नुपर्छ । जनप्रतिनिधिलाई दिएको आफ्नो विश्वासको मतको हिसाब माग्न सक्नुपर्छ । जनताले जनप्रतिनिधिलाई मतसँगै दिएको पाँच वर्ष समयको हिसाब माग्न सक्नुपर्छ । र जनप्रतिनिधिका सकारात्मक प्रयासलाई सहयोग गर्नु पनि नागरिकको कर्तव्य हो ।

यसर्थ कुनै पनि सरकारको प्रमुख रचनात्मक प्रतिपक्ष र ‘वाच डग’ जनता हुनुपर्छ । नेपाली नागरिक विदेश पलायन हुने बढ्दो छ । विदेशमा पलायन भएर पनि उहाँहरु खुसी हुनुहुन्न । आफन्त र देश छोड्नुको पीडा, अर्कातर्फ देशका लागि केही गर्न नसक्नुको पीडा उहाँहरुसँग छ । यस्तो वातावरण ल्याउनुमा पहिलेको नेतृत्व जिम्मेवार छ । वर्तमान सरकारको प्रयास पर्याप्त छैन ।

असम्भव छैन, यही सीमित स्रोत साधनबाट पनि देशमा सुधार गर्न सकिन्छ । तर अहिले हामी सङ्क्रमणकालीन अवस्थामा छौँ । यस अर्थमा कि हिजोका दिनको सङ्घर्ष रातो क्रान्ति थियो अहिले निलो क्रान्तिमा छौँ । जहाँ हामीले समय, स्रोत, सीप, श्रम र सपनाको लगानी गर्नुपर्ने बेला आएको छ । यो पुस्तालाई गाह्रो होला तर पछिका पुस्तालाई सुनौलो भविष्यका लागि हाम्रै कार्यकालमा केही गर्न सम्भव छ ।

**एकीकृत स्वास्थ्य योजनाको खाचो**

स्वास्थ्यको समग्र क्षेत्रलाई एकीकृत योजनाका साथ अघि बढाउनुपर्ने आवश्यकता छ । अहिलेको मन्त्रालयको नेतृत्व यसप्रति सचेत हुनुपर्ने देखिन्छ । सफल स्वास्थ्य क्षेत्र भनेको भौतिक पूर्वाधार र स्वास्थ्य उपकरण मात्र होइन, त्यहाँ उच्च मनोबलका साथ काम गरिरहेका चिकित्सक एवं स्वास्थ्यकर्मी हुनुपर्छ । बिरामी र सेवाग्राहीले बिना झन्झट, सहज र सुलभ स्वास्थ्य उपचार सेवा प्राप्त गर्न सक्नुपर्छ । दरबन्दी आवश्यकताअनुसार सही ढङ्गले पूर्ति हुनुपर्छ । उपचारात्मक मात्र हैन निरोधात्मक सेवामा ध्यान दिनुपर्ने खाँचो छ । स्वास्थ्यकर्मीको मनोबल बढाउन सक्ने जिम्मेवार र संवेदनशील नेतृत्वको आवश्यकता छ ।

स्वास्थ्यकर्मी समायोजनको विषयमा स्थानीय तहमा सरुवा भएकाहरुले तलब भत्ता पाएका छैनन । उहाँहरु अलपत्र पर्नुभएको छ । एकातर्फ बिरामीले उपचार सेवा पाउन मुस्किल छ भने अर्कातर्फ स्वास्थ्यमर्कीको व्यवस्थापनमा सरकार चुकिरहेको छ । स्वास्थ्य बिमा कार्यक्रम धरासायी बन्दै जानु चिन्ताजनक छ ।

**सांसद डा कार्कीको परिचय**

ललितपुर क्षेत्र नम्बर ३ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट प्रत्यक्ष निर्वाचित प्रतिनिधिसभा सदस्य डा कार्की यसअघि चिकित्सक र नेपाल मेडिकल काउन्सिलको केन्द्रीय सदस्य हुनुहुन्थ्यो । उहाँ प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सदस्यसमेत हुनुहुन्छ ।रासस

> “राजनीति प्रतिस्पर्धा हैन । यो विशुद्ध समाज सेवा हो । हिजो मैले अभ्यास गरिरहेको चिकित्सकीय सेवाभन्दा पनि माथिको सेवा राजनीति हो । यसले समग्र स्वास्थ्य क्षेत्रमा सुधार ल्याउन सक्छ । देशमा सुशासन कायम गर्ने र अन्य सम्पूर्ण क्षेत्रको सुधार गर्न सक्छ । तर राजनीति आफैँमा शुद्ध भएन भने त्यसले दुर्घटना पनि निम्त्याउन सक्छ ।”



# ‘विकास र वातावरणबीच सन्तुलन कायम राख्दै दिगो विकास लक्ष्य हासिल गर्नुपर्ने’

टुडे समाचारदाता

काठमाण्डु । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले विकास र वातावरणबीच सन्तुलन कायम राखी दिगो विकास लक्ष्य हासिल गर्नुपर्ने बताएका छन् ।

वन तथा वातावरण मन्त्रालय, न्यायाधीश समाज नेपाल र राष्ट्रिय प्रकृति संरक्षण कोषद्वारा शनिबार ललितपुरमा आयोजित ‘ वन्यजन्तु संरक्षण र वातावरणीय न्याय’ विषयक एकदिवसीय सम्मेलनमा उनले विकास निर्माणसँगै वातावरणीय सन्तुलन कायम राख्दै प्राकृतिक धरोहरलाई जोगाउन अपरिहार्य भएको उल्लेख गरे ।

“कार्बन उत्सर्जन न्यूनीकरणका लागि विकास र वातावरणबीच सन्तुलन कायम राखी दिगो विकास लक्ष्य हासिल गर्नुपर्ने आजको आवश्यकता छ । वन, वन्यजन्तु तथा वातावरण संरक्षणका लागि धेरै कानुन छन्, तिनीहरूको कार्यान्वयनका लागि सम्बन्धित पक्षको ध्यान जानुपर्ने आवश्यकता छ”, उनले भने ।



वन्यजन्तु संरक्षण र वातावरणीय न्यायका सन्दर्भमा अदालतबाट भएका कतिपय फैसला अझै पनि कार्यान्वयन हुननसकेको उनले बताए । यसका लागि सम्बन्धित पक्षको ध्यानाकर्षण हुनु आवश्यक रहेको उनको भनाइ थियो । नेपाली समाजमा प्रकृति पुजन संस्कृति रहेको बताउदै उनले नेपालको भूबनोट र भौगोलिक धरातलीय दृष्टिकोणबाट वातावरण संरक्षण र त्यसप्रतिको चिन्ता अपरिहार्य रहेको उल्लेख गरे ।

त्यस अवसरमा वन तथा वातावरणमन्त्री डा वीरेन्द्रप्रसाद महतोले वन्यजन्तु र मानवबीचको द्वन्द्व अहिलेको समस्या भएको बताउदै वन्यजन्तु संरक्षणमा वातावरण परिवर्तन मुख्य चुनौती रहेको बताए ।

उनले मानवीय क्रियाकलाप बढ्दा वन्यजन्तुको बासस्थान र आहारविहार गर्ने क्षेत्रको विनाश भइरहेको भन्दै यसलाई साझा मुद्दाका रूपमा लिइनुपर्नेमा जोड दिए ।

महान्यायाधिवक्ता डा दिनमणि पोखरेलले वातावरणीय न्यायलाई विभिन्न आधारमा बुझ्न सकिने बताउदै मानवीय आवश्यकतालाई केन्द्रमा राखेर जानुपर्ने बताए । न्यायाधीश समाजका महासचिव एवं विशेष अदालतका अध्यक्ष न्यायाधीश टेकनारायण कुँवरले वन्यजन्तुको चोरीपैठारी र सिकारले प्रकृति ध्वस्त हुने भएकाले आजको समयमा व्यापक छलफल गर्नुपर्ने आवश्यकता रहेको बताए । राष्ट्रिय प्रकृति संरक्षण कोषका अध्यक्ष डा कृष्णप्रसाद ओलीले वन्यजन्तुको संरक्षणका लागि बासस्थानको संरक्षण नै महत्वपूर्ण रहेको बताए । कार्यक्रमको उद्घाटन राष्ट्रपति रामचन्द्र पौडेलले गरेका थिए ।

# राहदानी बनाउन नपाउँदा पोर्चुगलका नेपाली समस्यामा

काठमाण्डु । वैदेशिक रोजगारीका सिलसिलामा पोर्चुगल आएका नेपालीले राहदानी नवीकरण तथा नयाँ राहदानी बनाउन नपाउँदा समस्यामा परेका छन् ।

विभिन्न मुलुक हुँदै पोर्चुगल आएका नेपालीले नयाँ राहदानी बनाउन र नवीकरण गर्न बनाउन नपाउँदा समस्यामा परेका हुन् । राहदानीको समस्याले गर्दा विशेषतः पोर्चुगल बसाइको वैधानिकताका लागि यहाँको अध्यागमन निकाय एकीकरण, आप्रवासन र शरणमा बायोमेट्रिकको तयारीमा रहेका नेपालीहरू बढी मारमा परेका छन् ।

पोर्चुगलमा नेपाली दूतावास स्थापनाका लागि राजदूत नियुक्त भइसकेको भए पनि दूतावास कहिलेसम्म आउने भन्ने तिथिमिति तय भइसकेको छैन । राहदानीलगायतका कागजातसम्बन्धी समस्यामा परेका नेपालीहरूले दूतावास आउन ढिलाइ भए पनि तत्काल राहतका लागि घुम्ती टोलीसम्म पनि नआएको भन्दै गुनासो गरेका छन् ।

राहदानीको म्याद सकिनै लागे पनि नयाँ राहदानी बनाउन नपाउँदा आफू समस्यामा परेको फ्रान्स हुँदै २० महिनाअघि पोर्चुगल आएका पोखराका रवि थापाले बताए । “मेरो राहदानीको म्याद सकिन अब डेढ महिनामात्रै बाँकी छ, मेरा धेरै साथीहरूको पनि राहदानीको म्याद सकिन लागेको छ । हामी यहाँको वैधानिक बसाइका लागि बायोमेट्रिकको पर्खाइमा छौँ । तर राहदानी बनाउन नसक्दा समस्यामा परेका छौँ”, थापाले भने । राहदानी बनाउनका लागि जोखिम मोलेरै भए पनि स्पेनको मेड्रिडस्थित रहेको नेपाली दूतावास जाने तयारी गरेको उनले बताए ।

स्याङ्जाका युवराज रोकाको समस्या पनि उस्तै छ । क्रोसिया हुँदै डेढ वर्षअघि पोर्चुगल आउनुभएका रोकाको राहदानीको म्याद सकिन दुई महिनामात्रै बाँकी छ । हाल मदेइरामा कार्यरत रहेका उहाँ राहदानीको म्याद सकिन थालेपछि चिन्तित छन् । राहदानी बनाउन ढिलाइ भए यहाँको कागजी प्रक्रियामा समस्या हुने रोकाले बताए । “सरकारले छिट्टै टोली पठाइदिए त हामीजस्ता समस्यामा परेकालाई ठूलै राहत हुने थियो”, रोकाले भने ।

थापा र रोकाको जस्तै समस्या दाङका जनप्रसाद पुनको पनि छ । पुन पनि राहदानीको म्याद सकिन लागेपछि तनावमा परेका छन् । “धेरै अघिदेखि टोली आउने भन्ने सुनेको हो, मजस्ता धेरै साथी राहदानी बनाउनका लागि टोलीको पर्खाइमा छौँ”, पुनले भने । “टोली नआउने हो भने त हामी समस्यामा पर्छौं, टोली नआउने नै भए त स्पेन, फ्रान्ससम्म धाएर भए पनि राहदानी त बनाउनैपर्छ, तर ती मुलुकसम्म धाउन पनि वैधानिक कागजात नहुँदा जोखिम मोल्नुपर्ने बाध्यता छ”, पुनले अगाडि थपे ।

विगत लामो समयदेखि परिवारसहित पोर्चुगल बस्दै आउनुभएका गोरखाका दिनेश श्रेष्ठले पनि राहदानीको म्याद गुज्रेका कारण धेरै सास्ती खेप्नुपरेको सुनाए । दुई छोराछोरी र आफ्नो गरी तीन जनाकै राहदानी बनाउनुपर्ने भए पनि नेपाली दूतावास रहेको छिमेकी मुलुक धाउनैपर्ने बाध्यता भएको उनले बताए । छोराको रेसिडेन्सी कार्डको म्याद सकिएर तीन पटकसम्म समय लिएर नवीकरण गर्न आप्रवासी मामिला हेर्ने सरकारी कार्यालय धाए पनि राहदानीको म्याद नै नभएको भन्दै कार्डसमेत नवीकरण गर्न नसकेको पीडा श्रेष्ठले सुनाए ।

“टोलीको आशमा बस्दा बाबुको कार्डसमेत नवीकरण गर्न सकिनँ, त्यसैले नयाँ राहदानी बनाउनका लागि अहिले स्पेन आएको छु । यहाँ आएर राहदानीसम्बन्धी सबै काम सकाएँ, दुःख पाए पनि अब राहदानी बन्ने ढुक्क भयो”, श्रेष्ठले भने ।


लिस्बनमा रहेको अवैतनिक नेपाली महावाणिज्य दूतावासको कार्यालयले दिएको तथ्याङ्कानुसार राहदानी नवीकरण तथा नयाँ राहदानी बनाउने नेपालीको संख्या दुई हजार छ सयभन्दा बढी छ । जसअनुसार दुई हजार ९७ जनाको नवीकरण, चार सय ५० जनाको हराएको र ६५ जना बालबालिकाको नयाँ राहदानी बनाउनुपर्ने आवेदन छ । विशेषगरी पोर्चुगल बसाइको वैधानिकताका लागि यहाँको अध्यागमन कार्यालय एकीकरण, आप्रवासन र शरणमा बायोमेट्रिकको तयारीमा रहेका नेपालीले राहदानी बनाउन नपाउँदा बढी समस्यामा परेको पोर्चुगलका लागि अवैतनिक नेपाली महावाणिज्यदूत मकरबहादुर हमालले भने । “हामीले तत्कालको समस्या समाधानका लागि फ्रान्सस्थित दूतावासबाट घुम्ती टोली ल्याउन पहल गरिरहेका छौँ, टोली आउने/नआउनेबारे अहिलेसम्म आधिकारिक जानकारी आइसकेको छैन । तर तत्काल टोली नआउने हो भने त यहाँको वैधानिक बसाइका लागि बायोमेट्रिकको तयारीमा रहेका धेरै नेपालीलाई सस्या हुने अवस्था छ”, महावाणिज्यदूत हमालले भने ।”

राहदानी नवीकरण तथा नयाँ राहदानी बनाउन भन्दै धेरै नेपाली दैनिकजसो महावाणिज्य दूतावासको कार्यालय धाउने गरेको र कार्यालय परिसरमा भीडभाड नै लाग्ने गरेको उनले सुनाए । गैरआवासीय नेपाली सङ्घ पोर्चुगलका अध्यक्ष उमेश खड्काले राहदानीसम्बन्धी समस्या समाधानका लागि घुम्ती टोली ल्याउन पहल भइरहेको बताए । “घुम्ती टोलीका लागि फ्रान्सस्थित नेपाली दूतावास र मन्त्रालयमा पटक-पटक अनुरोध गरेका छौँ, तत्कालको राहतका लागि दुई साताका लागि भए पनि टोली ल्याउने हाम्रो पहल जारी छ”, खड्काले भने ।

विभिन्न मुलुक हुँदै पोर्चुगल आउने नेपालीको संख्या बढेसँगै राहदानीलगायतका कागजातसम्बन्धी समस्या पनि बढ्दै गएको छ । पोर्चुगलमा नेपाली दूतावास खुलिनसकेका कारण राहदानी बनाउन छिमेकी मुलुक स्पेन, फ्रान्स, बेल्जियम र डेनमार्कस्थित रहेको नेपाली दूतावाससम्म पुगेर राहदानी बनाउन सकिने व्यवस्था छ । तर राहदानीविहीन नेपालीहरू राहदानी बनाउन स्पेन, फ्रान्स, बेल्जियम र डेनमार्कमा रहेका नेपाली दूतावाससम्म धाउनका लागि वैधानिक कागजात छैन ।

पोर्चुगलमा रहेका नेपालीको समस्याका विषयमा आफू जानकार रहेको र राहदानी बनाउने सन्दर्भमा जतिसक्दो छिटो टोली आउने तयारीमा रहेको फ्रान्सको पेरिसस्थित नेपाली दूतावासका नियोग उपप्रमुख सीता बस्नेतले बताए । “दूतावासबाट पोर्चुगल जाने यसअघि नै हाम्रो कार्यतालिकामा थियो, तर कर्मचारी अभावका कारण त्यो सम्भव भएन”, बस्नेतले भने । रासस


राष्ट्रिय समाचार समिति
केन्द्रीय कार्यालय
राससप्लाजा, काठमाडौँ
संशोधित सूचना
(प्रकाशित मिति :- २०८०।११।०५)
यस समितिको मिति २०८०।११।०१ गतेको जनकपुर टुडेको पेज नं. ७ मा प्रकाशित दरभाउपत्र आह्वानको सूचनामा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको व्यहोरा सम्बन्धित सबैमा जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# महतोको अभियान

नेपालमा अधिकारका लागि अझै लडाइ जारी छ। मधेश आन्दोलनले स्थापित गरेको मुद्दाको सम्बोधन नभए सम्म देशमा अधिकारको लडाई अन्त्य हुने संभावना छैन्। नेपालमा अन्य अधिकार सम्पन्न नेपाली जस्तै अधिकार प्राप्तिका लागि कुनै वर्ग, समुदाय, जात, धर्म, लिंगले लडाई लडनु दूर्भाग्यपूर्ण हो। हरेक नेपालीले समान अधिकार पाउनु पर्छ। जात, भाषा, भेष, धर्म, लिंग, भूगोलको आधारमा विभेद गर्न सविधानले पनि कसैलाई अधिकार दिएको छैन् । संविधान सम्मत अधिकार सबैले पाउनु पर्छ । नेपालको पछिल्लो अन्तरिम संविधानमा मधेशको पनि धेरै मुद्दाहरुलाई संबोधन गरिएको थियो । तर तत्कालीन संविधान सभामा केही हठी, स्वार्थी र विभेदकारीहरुको कारण अन्तरिम संविधानमा उल्लेख गरिएको अधिकार पनि खोसेर संविधान जारी गरिएको थियो। त्यसको विरोधमा तत्कालै मधेश र थरुहट क्षेत्रमा आन्दोलन चर्किएको थियो । आन्दोलनलाई सत्ताले बन्दूकको भरमा दवाउन सफल भए । तर त्यो भन्दा पनि हानिकारक काम मधेश आन्दोलनको अगुवाई गरिरहेका नेताहरुले गरे । संविधान जारी हुँदा संविधान सभाको बैठक बहिष्कार गरी सडकमा प्रदर्शन गरेका नेताहरुले त्यै संविधानलाई मानेर चुनावमा भाग लिए। मधेश आन्दोलनको प्रभाव स्वभाविक रुपमा चुनावमा देखियो । मधेश आन्दोलनका अगुवा अधिकांश नेताहरु संसदमा पुगे। कयौं पालिकाहरुमा नेतृत्व गर्ने अवसर पाए। त्यो समग्र उपलब्धि नभए पनि नेताहरुले प्राप्त संघीयतालाई जोगाउन चुनावमा जानु परेको तर्क गरे । यथार्थमा भने उनीहरुले गरेको तर्क कपटपूर्ण थियो । उनीहरु सत्तामा पुगेर सुखभोग गर्न मधेशी जनतालाई ढाँटेका थिए । त्यसपछिको चुनावमा मधेश आन्दोलनको अगुवाई गर्ने दलका नेताहरु कमजोर भए। मधेशमा पनि मधेशीको अधिकार खोस्ने नेताहरुले राम्रो मत प्राप्त गरे। त्यो मधेशी नेताहरुप्रतिको आक्रोश थियो । त्यस क्रममा कयौं मधेशी नेताहरुले चुनावमा नराम्ररी पराजित भए । सत्तामा पुगेका नेताहरु खुशी देखिए पनि सत्ता बाहिर रहेका नेताहरुमा एक प्रकारको छटपटाहट देखिएको छ। तर उनीहरुले जनविश्वास गुमाईसकेकाले छटपटाहट हुँदैमा आन्दोलन चर्काउन सक्ने अवस्था छैन् । मधेश, थारु, महिला, आदिवासी, जनजाती, दलित, मुसलिमको अधिकारको जति गफ दिए पनि विगतको उनीहरुको क्रियाकलापलाई जनताले बिर्सेका छैनन् । राजेन्द्र महतोले घोषणा गरेका अभियान अथवा आन्दोलनले मधेशीहरुमा कुनै हर्ष विस्मय देखिएको छैन्। महतोले आफ्नै नेतृत्वमा चलाउने आन्दोलन तत्कालै उपलब्धिमूलक हुनेमा उनी स्वयं पनि विश्वस्त छैन् होलान्। तर मधेशको मुद्दालाई अब इमान्दार युवा नेताहरुले अगाडि बढाए गति लिनेमा शंका छैन्।

# के प्रचण्ड र काँग्रेसबीच सम्बन्ध चिसिँन लागेको हो ?



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

प्रधानमन्त्री प्रचण्डको सत्ता गठबन्धन दल काँग्रेससँग सम्बन्ध लाभदायक नरहेको अभिव्यक्ति सार्वजनिक भएपछि काँग्रेसभित्र संशयको वातावरण उत्पन्न भएको छ। माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रचण्डले गत, सोमवार माओवादी केन्द्रको केन्द्रीय समितिको बैठकलाई सम्बोधन गर्दा सो अभिव्यक्ति दिएका हुन् । उनले कोशी प्रदेशमा राष्ट्रियसभाको निर्वाचनमा काँग्रेसले अन्तर्घात गरी माओवादी उम्मेद्वारलाई हराएको, संसदीय निर्वाचनमा माओवादीले काँग्रेसलाई पहिलो पार्टी बनाउनमा भूमिका निर्वाह गरेको र राजनीतिक नियुक्तिमा पनि काँग्रेसले बढी भाग खोजेको जस्ता विषयहरु उठाएर असन्तुष्टि प्रकट गरेका थिए । यसका साथै, गठबन्धन फेर्ने अवस्थापनि उत्पन्न हुन सक्ने प्रचण्डले उल्लेख गरेका थिए।


प्रचण्डले आफ्ना कार्यकर्ताको चित बुझाउनका लागि त्यस्तो अभिव्यक्ति दिएको हो कि आउँदो दिनमा गठबन्धनमा हेरफेर गर्न खोजिएको हो भन्ने तर्कवितर्क हुनु स्वभाविक हो । तर, विगतमा कुन नेताले सत्तामा टिकिरहन वा सत्ताका लागि कुन किसिमका रणनीति अपनाएका छन्। त्यसको आधार भविष्यमा सत्ताको राजनीतिले कोल्टो फेर्छ कि फेर्दैन् भन्ने विषयमा गन्थनमन्थन भइरहन्छ।

केही दिनअघि, विहारमा नीतीश कुमार मुख्यमन्त्री पदबाट राजीनामा दिए। तीन घण्टापछि भाजपाको समर्थन लिएर पुनः मुख्यमन्त्री पदको शपथपनि लिए । यस्ता पदलोलुप नेताहरुका क्रियाकलाप देखेर सर्वसाधारण जनतामा नेताप्रति नकारात्मक छाप बनेपनि त्यसको प्रभाव मतदानको बेलामा पर्न सक्छ। तर, पदमा यथावत रहिरहन वा पाउनका लागि कोल्टो फेर्ने प्रवृति उनीहरुको नजरमा जायज नै हो ।

नीतीश कुमारको पार्टी जनता दल युनाइटेड विहारको विधानसभाको सदस्य सङ्ख्याको आधारमा तेस्रो पार्टी हो । लालु यादवको राष्ट्रिय जनता दल र भाजपाको तुलनाको सो पार्टीको विधानसभामा आधाको हाराहारीमा विधानसभाका सदस्य छन् । नीतीस भाजपासँग मिलेर चुनाव लडेको थियो। भाजपा ठूलो दल भएपनि नीतीसलाई मुख्यमन्त्रीमा स्वीकार गरेको थियो। डेढ बर्ष नवित्दै भाजपालाई छोडेर लालुको दलसँग मिलेर सरकार गठन गर्‍यो । अहिले भाजपाको लहर देखेपछि पुनः भाजपासँग सम्बन्ध स्थापित गर्‍यो । यो नीति अपनाएर चारपटक नीतीस मुख्यमन्त्री बनेका हुन् । ठयाक्क, त्यस्तै, नीति प्रचण्डजीको पनि सोही नीति अपनाएको त छैन् । त्यस विषयमा जान्नका लागि प्रचण्डजीको विगतका राजनीतिक पृष्ठभूमिको विश्लेषण आवश्यक छ। किनभने, प्रचण्डपनि संसद् तेस्रो ठूलो पार्टी भएर सरकारको नेतृत्व गरिरहेका छन् । शुरुमा एमालेको समर्थन, यतिखेर, काग्रेसको समर्थन पाएको छ। २०६४ सालमा सम्पन्न पहिलो संविधानसभाको निर्वाचनमा प्रत्यक्षतर्फ माओवादीले पचास प्रतिशत सिटमा जित हात पारेको थियो । प्रचण्ड प्रधानमन्त्री पदमा आसिन भयो। तर, प्रधान सेनापति रुक्माङ्गद कटुवाललाई हटाउने निर्णय उल्टो परेपछि आवेशमा आएर उनले प्रधानमन्त्री पदबाट राजीनामा गरेको थियो । त्यो राजनीति भूलको प्रतिकूल असर दोश्रो संविधानसभामा देखा पर्‍यो। त्यसपछि, माओवादी केन्द्र तेस्रो दलमैं सीमित भयो । संविधानसभामार्फत संविधान जारी हुने सुनिश्चिता देखिएपछि मधेश आन्दोलन शुरु भयो। मधेशमा तनावपूर्ण वातावरण थियो। मधेशी समुदायको माग समेटेर संविधान निर्माण हुनुपर्ने भनेर मधेश आन्दोलित थियो । मधेश आन्दोलनप्रति कटाक्ष गर्दै केपि ओलीले बोलेका केही शब्दको मधेशमा व्यापक विरोध भयो। उनको पुतला पनि दहन भएको थियो। अर्कोतर्फ, मधेशबाहेकको क्षेत्रमा केपि ओली राष्ट्रवादी नेताको पहिचान बन्यो। मधेश आन्दोलित रहेको अवस्थामैं संविधान जारी भयो । केही महिनापछि प्रधानमन्त्री पदबाट सुशील कोइराला राजीनामा गरेपछि केपि ओली प्रधानमन्त्री बने । केपि ओली प्रधानमन्त्री बनेको एक बर्ष पुग्न लागेको थियो। सोही समयमा प्रचण्डले ओलीको साथ छोडेर शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउनमा सफल रह् यो। देउवाको नेतृत्वको सरकारमा माओवादी केन्द्र सरकारमा सहभागी थियो । २०७४को निर्वाचनको तिथि घोषणापछि प्रचण्ड देउवाको सरकारमैं बसेर षडयन्त्र शुरु गर्छन् । ओलीको सरकारपनि अछूतो रहन सकेन् ।माधवकुमार नेपाल र प्रचण्डलगायतहरु सरकार र पार्टीमा आ-आफ्ना भूमिका लागि दवाव बनाउँदै लगेपछि सरकारको कामकाजमाथि प्रत्यक्ष असर परेको थियो। ओलीको दुई बर्षको कार्यकाल पुरा हुनासाथ प्रचण्डले विगतमा भएको सहमतिअनुरुप अव, आफूलाई प्रधानमन्त्री बनाउनुपर्ने लगायतका माग केपिसमक्ष राख्न थालेपछि उनीहरुबीच सम्बन्ध चिसिँदै गयो। पार्टीभित्र धेरै बढी किँचिलो देखेपछि ओलीले दुईपटक संसद विघटनपनि गरे । एमाले विभाजित पनि भयो। प्रचण्डसँग सहमति र एकतापनि भताभुङ्ग भयो । ओलीले संसद् विघटन गर्दा उनको छविमा धक्का लागेको थियो । ओली हटेपछि प्रचण्डको सहयोगमा शेरबहादुर देउवा पाँचौंपटक प्रधानमन्त्री बन्ने शौंभाग्य पाए । उनको नेतृत्वमा २०७९को निर्वाचन सम्पन्न भयो । उक्त निर्वाचनमा काँग्रेस र माओवादीकेन्द्रबीच चुनावी गठबन्धन बनेको थियो। काँग्रेस पहिलो, एमाले दोश्रो र माओवादी केन्द्र पुनः तेस्रो दलको रुपमा स्थापित भयो। एमाले विभाजनको मारमा परेपनि सङ्घीय संसद्को निर्वाचनमा दोश्रो स्थानमा सम्मानजनक सङख्यामा छ।

माओवादी केन्द्र तेस्रो स्थानमा सीमित भएपनि प्रचण्ड प्रधानमन्त्री बन्ने दाउको खोजिमा थियो । अर्कोतर्फ, शेरबहादुर नयाँ कीर्तिमान स्थापित गर्नका लागि छैठोपटक प्रधानमन्त्री बन्न लालायित थियो।





प्रतिपक्षमा रहेको एमालेसँग सिटको तालमेल गरेको थियो। कमसेकम सरकारबाट राजिनामा गरिदिनुपर्ने थियो। त्यतिपनि, नैतिकता देखाउन सकेन्। पदीय मोहको सामुन्ने सिद्धान्तमात्र नारामा सीमित छ भन्नु अतिशयोक्ति नहोला।

मधेश आन्दोलनमा काँग्रेसको छविमा धक्का लागेको । मधेशी समुदायपनि काग्रेसप्रति असन्तुष्ट थिए । किनभने, सरकारको नेतृत्व काँग्रेसले गरेको थियो। अर्कोतर्फ ,मधेश आन्दोलनको क्रममा मधेशबाहेक ओलीको छवि राष्ट्रवादी नेताको रुपमा पहिचान बनिसकेको थियो । संविधान जारीपछि ओलीको लहर देखिन्थ्यो । त्यसकारण, प्रचण्डले काँग्रेसको नेतृत्वको सरकारमा बसेर नै एमालेसँग चुनावी गठबन्धन गरेको थियो। एमाले र माओवादी केन्द्र मिलेर स्पष्ट बहुमत प्राप्त गरेको गऱ्यो। काँग्रेसलाई नराम्ररी पराजय भोग्नुपरेको थियो । केपि ओली प्रधानमन्त्री बन्यो । नेपालमा खासगरी के देखिएको छ भने सरकारमा सहभागी हुन नपाएपछि पार्टी र सङ्गठनको नाममा त्यस्ता नेताहरु सरकारको विरुद्धमा काँग्रेसको समर्थन नपाउने स्पष्ट भएपछि प्रचण्डले एमालेको सहयोग लिएर प्रधानमन्त्री बन्यो। चुनावी सहयात्रीलाई परित्याग गर्‍यो। सरकारको कामकाजमा ओलीको दवाव देखिन्थ्यो । प्रचण्डपनि ओलीको दवावबाट मुक्त हुनका लागि निस्कने बाटो खोज्दै थियो । केही महिनापछि राष्ट्रपतिको निर्वाचनमा माओवादीकेन्द्रले काँग्रेसको उम्मेद्वार रामचन्द्र पौंडेलको समर्थन गरेपछि अन्ततः एमालेलाई सरकारबाट बाहिरिन र समर्थन फिर्ता लिनु पर्‍यो । प्रचण्डजीले कतै पुनः एमालेको समर्थन लिने त होईन भनेर काँग्रेसीवृतमा चिसो पस्नु स्वभाविक हो।

काँग्रेसका केही नेताले प्रचण्डको सो अभिव्यक्तिप्रति आफ्ना प्रतिक्रिया दिएका छन्। सो सन्दर्भमा काँग्रेसको संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले प्रचण्डको अभिव्यक्तिप्रति सन्तुलित रुपमा जवाफ फर्काएका छन्। सचेतक रमेश लेखकले काँग्रेस गठबन्धनलाई फलदायी बनाउनमा निरन्तर प्रयास गरिरहेको भन्दै काँग्रेस सवैभन्दा ठूलो पार्टी भएर पनि माओवादी केन्द्रलाई नेतृत्व दिएको हो । प्रचण्डको लागि लाभदायक नै भएको उनको भनाई छ। काँग्रेस माओवादीसँग सहमति र सम्झौताअनुसार अगाडि बढिरहेको भन्दै गठबन्धनमा कहाँनिर असहजता भयो भने प्रतिप्रश्न गरेका छन्।

यस्तै, काँग्रेसका प्रचार प्रसार विभाग प्रमुख मीन विश्वकर्माले प्रचण्डजी आफ्नो पार्टीको बैठकमा काँग्रेसबाट धोका भयो भनेर खवर आएको छ। तर, गठबन्धन र शीर्ष तहसँगको छलफलमा त्यस्ता कुरा आएको छैन। कार्यकर्तालाई सान्त्वना दिन वा साँच्चै आफैंले बुझेर त्यसो प्रचण्डजीले बोल्नु भएको विषयमा निर्क्यौल हुन बाँकी रहेको प्रतिक्रिया दिएको छ।

लोकतन्त्रमा बहुमतको सरकार नहुँदा सरकारको स्थायित्वमाथि प्रश्नचिह्न सधै लागेको रहन्छ। सरकारले स्थायित्व लिएपनि निर्धक्क रुपमा ठोस निर्णय लिनमा अनेकौं कठिनाइ हुन्छ । यस्तो अवस्थामा मुलुकमा सुशासन कायम हुँदैन र भ्रष्टाचारको जग झन वलियो हुँदै जान्छ। सवैभन्दा मारमा निमुखा जनता पर्छन्। लोकतन्त्रको यो कस्तो विडम्बना हो कि एघारह प्रतिशत मत पाएर सरकारको नेतृत्व गर्ने अवसर पाउँछ। पहिलो र दोश्रो दलले एक अर्कालाई छेक्न खोज्दा तेस्रो पक्षको जगजगी हुनु स्वभाविक हो।

लोकतन्त्रमा जुन दलसँग बहुमत हुन्छ, त्यो दलले सरकारको नेतृत्व गर्छ। यो सरकार गठनको सामान्य सिद्धान्त हो । ठूला दल भएर पनि बहुमत पुऱ्याउन नसकेको अवस्थामा अन्य साना दलको समर्थन लिएर सरकारको नेतृत्व गऱ्यो भने एक किसिमले जनमतको कदर हुन्छ। यदि, तेस्रो दलले सरकारको नेतृत्व गर्ने अनि दुई ठूला दलमध्ये एकको समर्थन लिने, तालमेल विग्रियो भने अर्को दलको समर्थन लिएर सत्ताको नेतृत्व गरी राख्ने । यस्तो अवस्था पटक पटक निम्तयो भने लोकतन्त्रको उपहास भइरहेको सम्झनुपर्छ । प्रचण्ड परिपक्व नेताको श्रेणीमा पर्छ । कतिखेर के बोलेर कार्यकर्तालाई रिझाउने वा सन्तुष्ट पार्न सकिन्छ भन्ने सम्बन्धमा कार्यकर्ताको मनस्थिति राम्ररी सम्झने क्षमता राख्छन्। प्रचण्डले आफू पाँचबर्षको कार्यकाल पुरा गर्ने अभिव्यक्ति दिँदै आइरहेका छन्। तर, प्रचण्ड र काँग्रेसबीच प्रधानमन्त्रीका लागि दूई - दुई बर्ष र एक बर्ष माधवकुमारलाई बनाउने सहमति भएको चर्चा उतिखेर चुलिँएको थियो । यदि, त्यस किसिमको कुनै सहमति छ भने नेतृत्वमा फेरबदलका लागि आवाज उठनेछ। प्रचण्डको कार्यकाल दोश्रो बर्षमा प्रवेश गरिसकेका छन् । त्यस आधारमा सात आठ महिनापछि काँग्रेसको पालो आउने छ । त्योभन्दा पहिले काँग्रेसलाई छोडेर एमालेसँग सम्बन्ध बनाउने प्रचण्डको रणनीति हुन सक्छ। काँग्रेसभित्र डा. शेखर कोइराला, गगन थापा, डा. मीनेन्द्र रिजालहरु प्रचण्ड नेतृत्वको सरकारविरुद्धमा अभिव्यक्ति दिइरहेका छन् । सरकारबाट बाहिरिनका लागि दवाव दिँदै आइरहेका छन्। यस्तो अवस्थामा काँग्रेस सभापति देउवामाथि दवाव पर्‍यो वा कतै काँग्रेसको एमालेसँग तालमेल अवस्थापनि उत्पन्न हुने सम्भावनालाई नकार्न सकिँदैन् । किनभने, राजनीति अनिश्चयको खेल हो। 'न कोही स्थायी मित्र हुन्छ र न त दुश्मण।'

प्रचण्डको उक्त अभिव्यक्तिप्रति काँग्रेसका शीर्ष नेताहरुको प्रतिक्रिया आएको छैन् । फागुन ७ देखि १० गतेसम्म ललितपुरको गोदावरीमा काँग्रेसको महासमितिको वैठक हुँदैछ। उक्त वैठकमा प्रचण्डको सो अभिव्यक्तिप्रति काँग्रेसका नेताहरुको निश्चित रुपमा प्रतिक्रिया आउनेछ । सरकारको सन्दर्भमा काँग्रेसको दष्टिकोणलगायतका विषयमा गम्भीर छलफल हुने प्रवल सम्भावना छ। 'इतिश्री'

# लोकतन्त्र, मानव अधिकार र जनअपेक्षा



डा टीकाराम पोखरेल

नेपालमा प्रजातन्त्रको स्थापना भएको सात दशक नाघिसक्यो। प्रजातन्त्रको पुनर्स्थापना भएकै झण्डै चार दशक हुन लागिसक्यो। प्रजातन्त्रलाई लोकतन्त्र र गणतन्त्रको लेपन लगाएको पनि दुई दशक हुन लाग्यो । नयाँ संविधान जारी भएको पनि दशक पुग्नै लाग्यो। अभ्यासका दृष्टिले अन्य देशको तुलनामा नेपालमा सबैभन्दा बढी विभिन्न प्रकारका प्रजातन्त्रका अभ्यासहरु भएका छन् । अधिकारका लागि आन्दोलन भए, द्वन्द्व भए, हिंसा गरिए, सम्झौता गरिए । पटकपटक व्यवस्था फेरिए, संविधान फेरिए। जे जति राजनीतिक परिवर्तन भए, जे जति व्यवस्था फेरिए, जे जति संविधान बने, ती सबै जनताको नाममा भए। तर जनताको नाममा भएका परिवर्तनले जनताको जीवनशैलीमा भने अपेक्षाकृत परिवर्तन ल्याएन।

प्रजातान्त्रिक इतिहासको सात दशकमा सातवटा संविधान जारी भए । छोटो अवधिमा धेरै संविधानको अभ्यास गर्ने मुलुकको सूचीमा नेपाल पर्यो। छिटोछिटो राजनीतिक व्यवस्था परिवर्तन गर्ने देशको सूचीमा पनि विश्वका अन्य मूलुकलाई नेपाललाई उछिन्यो। राणा शासन, पञ्चायती व्यवस्था, बहुदल काल र गणतन्त्रको अभ्यास एउटै मान्छेले आफ्नै जीवनकालमा देख्न र भोग्न पाए। सम्भवतः एउटै मान्छेले जीवनकालमा यति धेरै व्यवस्था देख्न भोग्न पाउनु पनि दुर्लभ नै हो। थोरै भाग्यमानी मान्छेले मात्र यस्तो दुर्लभ दृश्य देख्न पाउँछन्

### लोकतन्त्रमा जनअपेक्षा

नेपालमा पछिल्लो समय प्रजातन्त्रलाई लोकतन्त्र भन्न थालिएको छ । लोकतन्त्र प्रजातन्त्रकै उन्नत रुप हो । तर शब्दमा परिवर्तन गरेर मात्र उन्नत प्रजातन्त्र हुँदैन। उन्नत हुन त व्यवस्था जनतासँग जोडिनुपर्छ। जनताका अपेक्षाको सम्बोधन हुनुपर्छ। जनताको लागि, जनताद्वारा, जनताको शासन भनिने प्रजातन्त्र उन्नत त्यतिबेला हुन्छ जब जनताले शासनसत्तामा अपनत्वको अनुभूति गर्छन्।

देशको जनसंख्याको सबैभन्दा सानो हिस्सा मात्र राजनीतिमा सक्रिय छ। जो राजनीतिमा सक्रिय छ उसले आफ्नो राजनीति गर्ने अधिकार सुनिश्चित हुनुलाई अधिकारको सुनिश्चित ठान्ला तर सम्पूर्ण जनसंख्याको ठूलो हिस्सा राजनीतिक अधिकारको अलावा आर्थिक अधिकारको पर्खाइमा छ । आम जनताको अपेक्षा भनेको आधारभूत रुपमा गास, बास, कपासदेखि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका हुन्छन् । जीवन यापन गर्न विदेश जानु नपरोस्, बिरामी हुँदा उपचार पाइयोस्, आफ्ना छोराछोरीलाई राम्ररी शिक्षा दिन सकियोस्, दुई छाक टार्न कुनै कठिनाई नहोस्, देशमा सुशासन होस्, भ्रष्टाचारको अन्त्य होस्, विधिको शासन कायम होस्, विकास निर्माणले तीव्रता पाओस्। कसैप्रति अन्याय नहोस्, अन्याय भैहालेमा न्याय प्राप्त होस्। समाजमा शान्ति सुरक्षा कायम होस् । नागरिकका गुनासा राज्यले सुनुवाइ गरोस् । सेवा प्रवाह छिटोछरितो होस्। जनताका यस्तै अत्यन्त न्यूनतम् अपेक्षा न छन्। जो हरेक व्यक्तिले नागरिकको रुपमा प्राप्त गर्नुपर्ने अधिकार हुन्। तर बहस देशमा गास, बास, कपासको भन्दा नागरिक तथा राजनीतिक अधिकारको छ । जनताको ठूलो हिस्साको अपेक्षा चाहिँ आर्थिक अधिकारको सुनिश्चितता होस् भन्ने छ।

### पछिल्लो राजनीतिक परिदृश्य

'व्यवस्था परिवर्तन भयो तर अवस्था परिवर्तन भएन' भनेर सुगारटाइ गरेको पनि केही देशक भैसक्यो । राणा शासनलाई पञ्चायतले गाली, पञ्चायतलाई बहुदलले गाली र बहुदललाई गणतन्त्रले गाली गरेको परिदृश्य नौलो रहेन। इतिहासको पुनरावृत्ति गर्दै यतिबेला गणतन्त्रलाई पनि गाली गर्ने अभ्यास हुन थालेको छ। राजनीतिक दलहरुमा झाँगिएको अरुले जतिसुकै राम्रो काम गरे पनि गाली गर्ने र आफूले जस्तोसुकै काम गरे पनि ताली नै चाहिने मनोवृत्तिको शिकार वर्तमान राजनीति भएको छ।

प्रजातन्त्र सर्वस्वीकार्य व्यवस्था नभए पनि तुलनात्मक रुपमा बहुस्वीकार्य व्यवस्था अवश्य हो । तर प्रजातन्त्रका नाममा गरिएका अप्रजातान्त्रिक क्रियाकलापले लोकतन्त्रलाई आलोच्य बनाइरहेको छ। राजा महेन्द्रले पञ्चायती व्यवस्थाको औचित्य पुष्टि गर्न दलीय स्वार्थको पासा फालेका थिए। दलीय स्वार्थले देश धरापमा परेको कारण दलमाथि प्रतिबन्ध लगाउनु परेको र देशको माटो सुहाउँदो निर्दलीय व्यवस्था ल्याउनुपरेको महेन्द्रको दाबी थियो । तत्कालीन अवस्थामा दलहरुले प्रजातन्त्रलाई आलोच्य बनाउन मलजल गरेकै हो, त्यसको फाइदा महेन्द्रले उठाए। यतिबेला पनि लोकतन्त्रलाई बदनाम गराउन दलहरुको झिनाझमटीले काम गरिरहेको छ।

राजनीतिक दलहरुले आफूलाई लोकतन्त्रको संवाहक भनिरहेका छन्। दलहरुकै नेतृत्व र जनताको साथले प्रजातन्त्र आएको हुँदा दलहरुको यो दाबीमा आंशिक सत्यता छ, तर प्रजातन्त्रका संवाहक हुँ भन्दैमा त्यसलाई कुरुप बनाउने अधिकार दलहरुलाई छैन । प्रजातन्त्र भनेको दलको जति हो, त्योभन्दा बढी जनताको सम्पत्ति हो । लोकतन्त्रको संरक्षण र प्रबर्द्धन गर्नुपर्ने दलहरुका वर्तमानका क्रियाकलाप नै लोकतन्त्रको आलोचनाका लागि कारक हुनु चिन्ताको विषय हो।

देश सङ्घीय प्रणालीको अभ्यासमा छ, तर संघीयताप्रति आमजनताको असन्तुष्टि बढ्दो छ । सङ्घ-प्रदेशबीचको क्षेत्राधिकारको विवाद र तीन तहका सरकारको बढ्दो खर्चले सङ्घीयतामाथि हिलो छ्यापिरहेको छ। सङ्घीयतामाथि उठेका विवाद र कमजोरीले आखिर सङ्घीयता विरोधि शक्तिलाई नै फाइदा पुग्न सक्छ । राजनीतिक खिचातानीको दृश्यले सहिदहरुको बलिदानीलाई गिज्याइरहेको छ। ठूला भनिएका नेता आफ्नो अस्तित्व बचाउन चिन्तित छन्। देश र जनताको लागि गरिनुपर्ने चिन्तनको खँडेरी नै छ । गान्धी, मण्डेला, महाथिर, लिक्वान जस्ता सर्वस्वीकार्य नेताको यहाँ अभाव खड्किएको छ। सङ्क्रमणकालीन अवधिमा यस्ता नेता देशले खोजेको हुन्छ। तर यहाँ एकले अर्काको अस्तित्व कुनै पनि हालतमा स्वीकार नगर्ने मनोग्रन्थीको विकास भएको छ।

राजनीति संकृति बन्नुको साटो विकृति बनेको छ। पर्दा बाहिर देखिने राजनीति र पर्दाभित्र देखिने राजनीतिबीच ठूलो खाडल छ । जनताको अपेक्षा एकातिर र परिणाम अर्कातिर छ। विपी कोइरालाको समाजवाद र मदन भण्डारीको जबज चुनावका एजेण्डामा मात्र सीमित छन् । वैकल्पिक बन्न खोजेका राजनीतिक शक्तिहरुले पनि छोटो समयमै निराशाका बीज छरेका छन् । पार्टीका दस्तावेज र चुनावी घोषणापत्रमा जनताको सबै अधिकार छन् तर व्यवहारमा कतै छैनन्।

समावेशी लोकतन्त्र र लोकतान्त्रिक गणतन्त्रमा सर्वोच्चता जनताको हुनुपर्छ । सिद्धान्ततः यसलाई स्वीकारिए पनि व्यवहारतः नेताको सर्वोच्चता छ। त्यो पनि दुई/चार जना नेताको निर्णय समग्र जनताको निर्णय बन्छ । आफ्नो नाममा गरिएको अप्रजातान्त्रिक क्रियाकपलापको जनता निरिह दर्शक बनेका छन्। जनता चुनावमा सत्ता चढ्ने माध्यममा मात्र प्रयोग भएका छन् । राजनीतिमा लागेको विकृति विसंगतिको जालो हटाउन सकिएको छैन । राजनीति देशको चिन्तनको मियोमा घुम्नुपर्ने हो तर नेताको भविष्यको चिन्ताको मियोमा घुमेको छ।

### देशको मानवअधिकारको अनुहार

सरकारको प्राथमिकताको काम मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्नु हो। तर मानवअधिकारको सवाल सरकारको आँखामा परेको छैन। देशको समृद्धिको महल मानवअधिकारको जगमा मात्र सम्भव छ भन्ने कुरा राज्यका निकायले बुझ्न सकेनन् वा बुझाउन सकिएन । सुशासनका सवाल छायाँमा परेसम्म देशको उन्नति सम्भव छैन। देशभित्र स्वास्थ, शिक्षा, यातायात, आवासबाट वञ्चित हुनेको संख्या ठूलो छ। दलित अपाङ्ग, महिला, आदिवासी, मधेशी र विपन्न वर्गका अधिकारहरुको सुनिश्चितता सङ्कुचनमा परेको छ । मानवअधिकारप्रति शब्दमा सम्मान भए पनि व्यावहारिक कार्यान्वयन छैन। मानवअधिकारमैत्री संविधान बने पनि यसको कार्यान्वयन पक्ष ज्यादै फितलो छ।

विधिको शासनमाथि चुनौती छ । सरकार आफूले मानवअधिकारको उल्लङ्घन नगरेको हुँदा मानवअधिकारमैत्री छु भन्ने दाबी गर्छ । तर सरकारको दायित्व मानवअधिकार उल्लङ्घन नगर्नु मात्र होइन, मानवअधिकारको उपभोगको सुनिश्चित गर्नु पनि हो । नागरिका आर्थिक सामाजिक सांस्कृतिक अधिकारको सुनिश्चित छैन । नागरिकका यस्ता अधिकारहरु सरकार सुन्दैन, देख्दैन, बुझ्दैन । देशको बिग्रँदो अर्थतन्त्रले नागरिकको जनजीवनमा प्रत्यक्ष प्रभाव पारेको छ। देश नफर्कने कसम खाँदै हजारौं नागरिक दिनहुँ विदेसिदै मात्र छैनन्, देशप्रति वितृष्णा ओकलिरहेका छन् ।

संविधानले समावेशी लोकतन्त्रको परिकल्पना गरे पनि पछाडिको वर्गको सार्थक समावेशीकरण हुन सकेको छैन। राजनीतिकवृत्त सशक्तीकरणभन्दा आरक्षणमा बढी रमाउँदा समावेशी वर्गका पनि उही टाठाबाठा व्यक्ति नै राज्यसत्तामा पुग्छन् । दूरदराजमा विकास निर्माणका कार्यले तीव्रता पाउन सकेको छैन। वादी, राउटे, चेपाङजस्ता अति सीमान्तकृत वर्गका अधिकार राज्यका आँखाबाट निकै टाढा छन्।

### कालो बादलमा चाादीको घेरा

त्यसो त नेपालको लोकतन्त्र भनेको 'इदं भ्रष्टम् उदम भ्रष्टम्' को चित्रण होइन। आसलाग्दा विषय पनि छन्। लोकतन्त्र भनेको यति सुन्दर व्यवस्था हो, जहाँ लोकतन्त्रकै पनि आलोचना गर्न पाइन्छ । वर्तमानमा लोकतन्त्रप्रतिको असन्तुष्टि र आलोचना त्यसैको प्रतिविम्ब पनि हो । नागरिक अधिकारको सुनिश्चिता, मौलिक हकको व्यवस्था, अभिव्यक्ति स्वतन्त्रताको सम्मान, सरकारको आलोचना गर्ने पूर्ण स्वतन्त्रता, जननिर्वाचित व्यवस्थापिका, सक्षम र स्वतन्त्र न्यायपालिका, शक्ति सन्तुलनको उच्चतम् अभ्यास लोकतन्त्रका सबल पक्ष हुन् । जनताले आवधिक रुपमा सरकार निर्माण गर्न पाउनु र राज्य शक्तिको स्रोत जनता हुनु लोकतन्त्रको सुन्दरता हो । जननिर्वाचित सरकार संसद र जनताप्रति उत्तरदायी हुनुपर्ने व्यवस्थाका कारण नेपालको लोकतन्त्रलाई उन्नत लोकतन्त्र मान्नु पर्छ। नेपालको लोकतन्त्रको जग बलियो छ। भविष्यमा यो जगमा बलियो महल ठड्याउने सके लोकतन्त्र सुदृढ हुँदै जान्छ।

नेपालको संविधान मानवअधिकारमैत्री छ । त्यसलाई इमान्दारपूर्वक कार्यान्वयन मात्र गर्न सके पनि नागरिकका धेरै अधिकारहरु सुनिश्चित हुन्छन् । भौगोलिक रुपमा नेपाल चीन र भारत जस्ता महाशक्ति (राजनीतिक र आर्थिक दुवै रुपमा) राष्ट्रको बीचमा छ । विश्वका अन्य शक्ति मुलुकहरुको पनि नेपालमा ध्यान केन्द्रित हुन थालेको छ। नेपालले यस्ता शक्ति राष्ट्रहरुको चेपुवामा परेर खुम्चिने होइन, बरु सामरिक महत्वको भूमिको रुपमा ती देशहरुबाट आर्थिक तथा विकासका एजेण्डामा फाइदा लिन सक्नुपर्छ। त्यसो त आफ्नै देशकै स्रोत र साधनको सदुपयोग गर्न सके पनि देश धनी हुने कुरामा द्विविधा छैन।

# आर्थिक रुपान्तरणको बलियो खम्बा कृषि रहेको अर्थमन्त्रीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले आर्थिक रुपान्तरणको बलियो खम्बा कृषि रहेको बताएका छन् । बिपी चिन्तन प्रतिष्ठान केन्द्रीय समितिद्वारा शनिबार यहाँ आयोजित 'नेपालमा आर्थिक रुपान्तरणका आधारहरू सुशासन, ऊर्जा, कृषि, पर्यटन र श्रम तथा रोजगार' विषयक विचारगोष्ठीमा मन्त्री डा महतले मुलुकको आर्थिक विकासलाई नेतृत्व गर्ने बलियो आधार कृषि रहेको उल्लेख गरे ।

"मुलुकमा लोकतन्त्र स्थापना अगाडि राजनीति केन्द्रित बहस हुने गरेको थियो । तर संविधान निर्माणपछि आर्थिक क्षेत्रमा पनि बहस हुन थालेको छ", उनले भने, "आर्थिक रुपान्तरणको सुदृढ पक्ष कृषि हो । कृषिमा रुपान्तरणकारी परिवर्तन ल्याउन लगानीअनुरुपका प्रतिफल ल्याउने खोजी हुनुपर्छ । कृषिमा आत्मनिर्भर हुन जरुरी छ ।"

मन्त्री डा महतले आधुनिक प्रविधिअनुरुप व्यावसायिक खेती



गरी उत्पादकत्व बढाउन आवश्यक रहेको उल्लेख गर्दै भौगोलिकताका आधारमा कृषियोग्य जमिनको पहिचान गरी कृषि क्षेत्रको औचित्य पुष्टीगर्न आवश्यक रहेको बताए ।ऊर्जा, पर्यटन, कृषि, प्रविधि मुलुकको आर्थिक रुपान्तरणको बलियो आधार खम्बा रहेको बताउँदै मुलुकको अर्थतन्त्रलाई सुदृढ बनाउन यी चार खम्बाको महत्त्वपूर्ण भूमिका रहने मन्त्री डा महतको भनाइ थियो ।

प्रजातान्त्रिक समाजवादमा निजी क्षेत्रलाई उत्पादनको नेतृत्व प्रदान गरी न्यायोचित वितरणका लागि सरकारले भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै उनले निजी क्षेत्रलाई सुदृढीकरण गर्न सरकारले सहजीकरण, सबलीकरण गर्ने बताए ।गोष्ठीमा कृषि मूल्य शृ‌ङ्खला विज्ञ डा बद्री बस्ताकोटीले मुलुकको निर्वाहमुखी कृषि प्रणालीलाई फलदायी बनाउन सिँचाइको पर्याप्तता, कृषिको व्यावसायीकरण, लगानीमा सुनिश्चितता आवश्यक रहेको औंल्याए । "विगतको तुलनामा कृषि क्षेत्रमा अधिकतम सुधार भएको छ तर अपेक्षाअनुरुपको हुनसकेको छैन । कृषिको प्रसार गर्न जरुरी छ । कृषि प्रणालीलाई फलदायी बनाउन तीनै तहका सरकारले कृषि बजेटको नीतिगत सुनिश्चितता गर्न आवश्यक छ", उनले भने ।

नेपाल किसान सङ्घका पूर्वअध्यक्ष डा भानुभक्त सिग्देलले बिपीले देखाएको समाजवादको आधारशीला कृषि र किसानबाट खोज्नुपर्ने भन्दै दिँदै कृषिमा लगानी अभिवृद्धि गर्नुपर्नेमा जोड दिए । कृषिमा रुपान्तरण गर्न कृषि दशक घोषणा गरी अघि बढ्न आवश्यक रहेको उनले औंल्याए ।

नेपाल पर्यटन बोर्डका पूर्वकार्यकारी अधिकृत धनञ्जय रेग्मीले पर्यटन क्षेत्रलाई सुदृढ बनाउन बाह्य मुलुकसँग कूटनीतिक सम्बन्ध बलियो हुनुपर्नेमा जोड दिए । उनले हिलस्टेशन प्रभावकारीरूपमा सञ्चालन गर्न सकेमा पर्यटकीय क्षेत्रमा मुलुकले ठूलो उपलब्धि हासिल गर्न सकिने जिकिर गरे । साथै पोखरा र गौतमबुद्ध अन्तरर्ाष्ट्रिय विमानस्थल प्राविधिक व्यवस्थापन गर्न जरुरी रहेको उनले बताए । प्रतिष्ठानले सञ्चालन गरेको दुईदिने गोष्ठीमा शुक्रबार ऊर्जा, सुशासन विषयमा छलफल गरेको थियो ।

# 'लोकगीत सम्पूर्ण नेपालीको साझा संस्कृति र सम्पत्ति'



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले लोकगीत सम्पूर्ण नेपालीको साझा संस्कृति र सम्पत्ति भएको बताएका छन् । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालद्वारा शनिबार आयोजित खुला लोकदोहोरी प्रतियोगिताको उद्घाटन गर्दै प्रधानमन्त्री प्रचण्डले सबै भाषा, जाति र क्षेत्रमा लोकगीत लोकप्रिय रहेको उल्लेख गरे ।

"लोकसाहित्य युगौंदेखि जनसाधारणको मौलिक परम्पराका रूपमा व्यक्त हुँदै आएको छ । लोक साहित्यअन्तर्गत प्रमुख विधाका रूपमा लोकगीत सबैभन्दा सम्पन्न भएको विधा हो", प्रधानमन्त्रीले भने, "नेपाली जनजीवनका समग्र पक्ष र पाटालाई लोकगीतले प्रस्तुति गरेको छ । नेपालको मेचीदेखि महाकालीका साथै नेपाल बाहिरसमेत फैलिएर रहेको लोकगीत यहाँका हरेक संस्कृति, प्राकृतिक सौन्दर्य, जनजीवनका हरेक घटना, दुःखसुखका सम्पूर्ण भोगाइ नै लोकगीतको प्रमुख विषयवस्तु भएर आउने गर्दछ ।"

बहुजाति, बहुभाषी तथा बहुसंस्कृतिको धनी देश नेपालको राष्ट्रिय पहिचानको महत्त्वपूर्ण आधारस्तम्भ लोकदोहोरीको मौलिकताको रक्षा गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्री प्रचण्डले लोकगीतले भाषिक, सांस्कृतिक विविधतासहितको बलियो अन्तरघुलन र एकता बनाउनुपर्नेमा जोड दिए । "हरेक देशको आफ्नै लोक संस्कृति हुन्छ । छुट्टै पहिचान र महत्व हुन्छ", प्रधानमन्त्री दाहालले भने, "आवश्यकता, भौगोलिक अवस्था, जातीय बनोट, मूल्यमान्यताआदिले संस्कृतिको निर्धारण गर्छ । विविधतापूर्ण संस्कृति भएका विश्वका मुलुकहरूमध्ये नेपाल त्यस्तो देश हो, जहाँ जातीय, भाषिक, सांस्कृतिक विविधतासहितको बलियो अन्तरघुलन र एकता छ ।"

> "हरेक देशको आफ्नै लोक संस्कृति हुन्छ । छुट्टै पहिचान र महत्व हुन्छ", प्रधानमन्त्री दाहालले भने, "आवश्यकता, भौगोलिक अवस्था, जातीय बनोट, मूल्यमान्यताआदिले संस्कृतिको निर्धारण गर्छ । विविधतापूर्ण संस्कृति भएका विश्वका मुलुकहरूमध्ये नेपाल त्यस्तो देश हो, जहाँ जातीय, भाषिक, सांस्कृतिक विविधतासहितको बलियो अन्तरघुलन र एकता छ ।"

हिमाल, पहाड र तराई-मधेसको जीवनपद्धति आ-आफ्नै हुने गरेको बताउँदै प्रधानमन्त्रीले जीवनपद्धतिका आधारमा संस्कृतिको विकास हुँदै जाने उल्लेख गरे । उनले भने, "हामीकहाँ सांस्कृतिक विविधताको प्रमुख आधार पनि जातीय, भाषिक, सामुदायिक र भौगोलिक विविधता नै हो । यसको सम्मान गरेर मात्र हामीले सही अर्थमा राष्ट्रिय संस्कृतिको विकास गर्न सक्छौं ।"

लोक प्रतिभालाई आफूभित्र अन्तरनीहित प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्न देशभित्र र विदेशमा लोक तथा दोहोरी गीत प्रतियोगिता सञ्चालन गर्ने गराउने कार्य सराहनीय रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले लोकसङ्गीतको संरक्षणका निम्ति लोक वाद्य सामग्रीको प्रयोगमा जोड दिए । सबै नेपालीमा राष्ट्रियता र नेपाली मौलिकताको भावना जगाउन क्रियाशील हुनुपर्ने उल्लेख गर्दै उनले आफ्नो उद्देश्यमा प्रतिष्ठान एकताबद्ध प्रयासका साथ अग्रसर हुने विश्वास व्यक्त गरे ।

# प्रकृति संरक्षण मानवजातिको साझा चासो र चुनौतीको विषय हो : राष्ट्रपति



**टुडे समाचारदाता**

पाटन । राष्ट्रपति रामचन्द्र पौडेलले प्रकृति संरक्षण मानवजातिको साझा चासो र चुनौतीको विषय बनेको बताएका छन् ।

वन तथा वातावरण मन्त्रालय, न्यायाधीश समाज र राष्ट्रिय प्रकृति संरक्षण कोषद्वारा शनिबार यहाँ संयुक्तरुपमा आयोजित 'वन्यजन्तु संरक्षण र वातावरणीय न्याय' विषयक सम्मेलनलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले सो कुरा बताएका हुन् ।

"अहिलेको विश्व जलवायु परिवर्तनलगायत वातावरणीय चुनौतीको चाङमा उभिएको छ, त्यसबाट नेपाल पनि अछुतो छैन । वातावरण र वन्यजन्तु संरक्षणको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासो र गहिरो अभिरुचि बढिरहेको छ", उनले भने । प्रकृतिको अनुपम जैविक सृष्टिका रूपमा हामीले प्राणी तथा वनस्पतिजगत्लाई लिने गर्दछौं र यसले पृथ्वीलाई जीवन्तता प्रदान गरेको छ भन्दै राष्ट्रपति पौडेलले यसलाई सुन्दर सृष्टिको रसास्वादन गर्ने मानवीय आँखाबाट हेर्नेमात्र होइन यसमा मानवीय विवेक, रचनात्मक गुण र क्षमताको माध्यमबाट सकारात्मक योगदान दिन सक्नुपर्ने धारणा व्यक्त गरे ।

राष्ट्रपतिले मुलुकको दिगो विकाससँग प्रकृति तथा जैविक विविधता अनि वन्यजन्तु संरक्षण प्रत्यक्षरूपमा जोडिएको हुन्छ भने । "नेपालमा पाइने बाघ, गैंडा, हात्ती, हिउँ चितुवाजस्ता ठूला वन्यजन्तुदेखि स-साना वन्यजन्तुसम्मले पारिस्थितिकीय प्रणाली सन्तुलनमा निर्वाह गर्ने भूमिकाबारे हामी जानकार छौं तर यससम्बन्धी आम जनचेतनाको स्तर कस्तो छ, त्यो महत्वपूर्ण हुन्छ", उनले भने ।

वन्यजन्तुबारे चर्चा गर्दा मानव र वन्यजन्तुबीचको द्वन्द्व, वन्यजन्तुको चोरीसिकारी, अवैध व्यापारजस्ता अपराधका घटना र यसको द्वन्द्व व्यवस्थापन, अपराध नियन्त्रण तथा संरक्षणका विद्यमान मुद्दालाई प्रभावकारीरूपमा सम्बोधन गर्नुपर्नेमा राष्ट्रपति पौडेलले जोड दिए । उनले वन्यजन्तु संरक्षणको परिणामस्वरुप तिनको बढ्दो संख्याले निम्त्याएको व्यवस्थापन चुनौती, वन्यजन्तुमैत्री भौतिक पूर्वाधारको व्यवस्था, राष्ट्रिय क्षमता विकास, राज्यका संयन्त्रहरुको क्रियाशीलताबारे सोच्नुपर्ने बताए ।

नेपालले प्रकृति संरक्षणको क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको र यस क्षेत्रबाट देशको बृहत् आर्थिक विकासमा टेवा पुऱ्याउने सम्भावना पनि रहेको राष्ट्रपतिले बताए । उनले वन्यजन्तु संरक्षण र वातावरणीय न्यायका विद्यमान चुनौती तथा अवसरलाई सूक्ष्म ढङ्गले विश्लेषण गरी नीतिगतदेखि कार्यान्वयन तहसम्म लाग्न आह्वान गरे ।

"हामीले स्थापना गरेका कानुनी ढाँचाहरूले हाम्रा संरक्षणका प्रयासलाई आकार दिन महत्वपूर्ण भूमिका खेल्छन्, आफ्ना अनुभव र समस्या समाधान गर्ने विधिमा ध्यान केन्द्रित गर्दै अनुभव र रणनीति साझा गरेर सामूहिक समझदारी बढाउने कार्यमा लाग्नु उचित हुन्छ", वातावरणीय न्यायबारे प्रकाश पार्दै राष्ट्रपतिले भने ।

# हाम्रो कार्य संस्कृति परिवर्तन भएमा राष्ट्र विकासमा धेरै काम गर्न सकिन्छ : पर्यटनमन्त्री



*संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती आफ्नो मन्त्रालयअन्तर्गतका क्षेत्रको सुधारमा निरन्तर लागिपर्नुभएको छ । मन्त्रालयको नेतृत्व सम्हालेदेखि नै केही न केही परिणाम दिनेगरी काम गरिरहनुभएका उहाँले उड्डयन र पर्यटन क्षेत्रमा सुधार गर्ने प्रयत्न पनि गरिरहनुभएको छ ।*

*नेकपा (माओवादी केन्द्र) का पोलिटब्यूरो सदस्यसमेत रहनुभएका किरातीले मुलुकको हवाई क्षेत्रको सुधार र पूर्वाधार विस्तार तथा गुणस्तरीय व्यवस्थापनमा आफ्नो ध्यान केन्द्रित गर्दै आउनुभएको छ । मन्त्रालयले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसहित हालै सञ्चालनमा आएका भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका साथै निकट भविष्यमा निर्माण हुने नयाँ विमानस्थलको अध्ययन गरिरहेको छ ।*

*अन्तर्राष्ट्रिय विमानस्थलको व्यवस्थापन, उडान र पर्यटन क्षेत्रको सुधारका लागि मन्त्री किरातीको नेतृत्वमा भएका काम तथा समसामयिक विषयमा केन्द्रित रहेर राससका प्रमुख समाचारदाता उत्तम सिलवाल र समाचारदाता सिबी अधिकारीले गरेको कुराकानीको सम्पादित अंश ।*

**प्र. तपाईं मन्त्री भइसकेपछि प्रभावकारीरुपमा काम गर्दै आउनुभएको छ । पर्यटन र हवाई क्षेत्रलाई व्यवस्थित गर्न के योजना छन् ?**

-पर्यटन देशको आर्थिक विकासको आधार हो, त्यसका लागि हवाई क्षेत्र महत्वपूर्ण हुन्छ । हाम्रा दुई अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन भएका छैनन् । केही वर्षपछि काठमाडौंस्थित त्रिभुवन अन्तरर्ाष्ट्रिय विमानस्थल पनि अझै अव्यवस्थित भएर जाने निश्चित छ । यसै सन्दर्भमा हवाईजहाज थपेर सेवा विस्तार गर्ने योजना पनि बनाइएको छ । तीनवटा ट्विनअटर विमान खरिद गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ । त्यसैगरी, अन्तर्राष्ट्रिय उडानका लागि 'न्यारोबडी' विमान 'लिज'मा लिने प्रक्रिया पनि अगाडि बढाएका छौं ।

पर्यटक भित्र्याउन सबैभन्दा महत्वपूर्ण संरचना भनेको विमानस्थल भएकाले देशमा अब निर्माण हुने अन्तर्राष्ट्रिय विमानस्थललाई कुन ढाँचामा निर्माण गर्ने र सञ्चालन गर्न सकिन्छ भनेर मन्त्रिपरिषद्को निर्णयबाट ४५ दिनभित्र अध्ययनसहितको सिफारिस गर्नेगरी अध्ययन समिति गठन गरिएको छ । समितिले विमानस्थल सुधारको दीर्घकालीन सुझावसहितको प्रतिवेदन पेस गर्नेछ, सोहीअनुरुप काम अगाडि बढाइनेछ ।

**प्र. देशका ठूला अन्तर्राष्ट्रिय विमानस्थल सार्वजनिक-निजी-साझेदारी ( पिपिपी) ढाचामा सञ्चालन र निर्माण गर्ने भन्ने विषय सार्वजनिक भएको छ । यस सम्बन्धमा के भइरहेको छ ?**

-पहिलो गृहकार्य नै हामीले अध्ययन समिति बनाएका छौं, त्यहीँबाट कार्य प्रारम्भ भएको छ । समिति बनाउनुपर्ने बाध्यता के हो भने केही न केही काम हामी कसैले गर्नुपर्ने हुन्छ । बृहत् कामको सुरुआतका लागि कसैले आँट गर्नुपर्ने हुन्छ ।

**प्र. विमानस्थल सञ्चालनका लागि निजी क्षेत्रसाग सहकार्य आवश्यक छ ?**

-सरकारीस्तरबाट मात्रै सञ्चालन गरेर सम्भव भएन, हाम्रो स्थिति सबैलाई अवगत छ । सामर्थ्य हुँदा सरकारले नै चलाउनु पर्थ्यो तर त्यसो गर्न सकिएन । विश्वका अन्य देशका विमानस्थल कसरी सञ्चालन भएका छन्, त्यसो प्रारुपबारे जान्न जरुरी छ । नेपालले पनि यस सम्बन्धमा के गर्न सकिन्छ भनेर अध्ययन गरी निष्कर्ष निकाल्नेछ, अध्ययन प्रतिवेदन सार्वजनिक हुनुअगाडि मैले व्याख्या गर्नु उपयुक्त हुँदैन ।

**प्र. विमानस्थल पिपिपी ढाचामा सञ्चालन गर्ने आधार के छन् ?**

- मैले अगाडि नै भनिसके समितिको समयावधि ४५ दिनको छ । सम्भवतः लगानी सम्मेलन अगाडि नै प्रतिवेदन प्राप्त भयो भने अन्तर्राष्ट्रिय क्षेत्रलाई पनि आग्रह गरिन्छ । देशका तीनवटा अन्तर्राष्ट्रिय विमानस्थल कसरी पूर्ण क्षमतामा सञ्चालन गर्ने र नयाँ अन्तर्राष्ट्रिय विमानस्थल कहाँ बनाउने, त्यसलाई कसरी सञ्चालन गर्ने त्यससम्बन्धी निर्णय भविष्यको आवश्यकतामा निर्भर हुनेछ ।

**प्र. सार्वजनिक निजी साझेदारीको प्रारूपका बारेमा के सोचिएको छ ?**

-विमानस्थल सञ्चालनको ढाँचा तयार गरिँदैछ । सयम र निर्णयको प्रतीक्षा गर्नुपर्छ ।

**प्र. संरचना र व्यवस्थापनमा मात्र साझेदारी गर्ने हो कि स्वामित्वमा पनि ?**

-यो चाहिँ सञ्चालनमा मात्रै साझेदारी हो । मेरो जानकारीअनुसार विश्वका विभिन्न देशका विमानस्थलहरु यही ढाँचामा सञ्चालित छन् । ती स्थान नेपालीहरु काम गर्ने आकर्षक रोजगारीको गन्तव्य पनि बनेको छ ।

**प्र. सार्वजनिक संस्थान निजीकरण गरिएजस्तै विमानस्थललाई पनि निजीकरण गरिदैछ भन्ने चर्चा चलेको छ । वास्तविकता के हो ?**

-यो निजीकरण हैन । समितिको प्रतिवेदन नआएसम्म मैले यही हो भन्न सक्दिनँ । प्रतिवेदन तयारीका निम्ति गठित विज्ञहरुको समितिले निष्कर्ष पेस गरेपछि त्यसबारेमा थप सोच्न सकिन्छ । अन्तर्राष्ट्रिय अभ्यास, नेपालको साझेदारीको आवश्यकता र सम्भावनाका आधारमा अगाडि बढिन्छ ।

**प्र. पर्यटन मन्त्रालय यो योजना कार्यान्वयन चरणमा कसरी पुग्यो ?**

- लाखौं नेपाली युवा विदेश गइरहेका छन् । यहाँ रोजगारी सृजना गर्न सकिएको छैन । तिब्बतमा एक वर्षमा एक करोड पर्यटक भित्रिँदा रहेछन् । हामी १०-१२ लाख आएकामा गौरव गर्छौं । बेरोजगारी अन्त्य गरी रोजगारी सृजना गर्दै मुलुकको आर्थिक विकासका निम्ति बढीभन्दा बढी विदेशी पर्यटक भित्र्याउनैपर्छ । पर्यटन विकासको आधार भनेकै पूर्वाधार हो ।

**प्र. अहिले भएका विमान पूर्ण क्षमतामा सञ्चालन भएका छैनन्, नेपाल वायुसेवा निगमको विमानमा यात्रुको आकर्षण भएन भन्ने गुनासो छ, तपाईंको के प्रतिक्रिया छ ?**

-हामी आइसकेपछि त्यस्तो स्थिति छैन, त्योभन्दा अगाडिको कुरा मलाई जानकारी छैन । संस्था धराशायी हुने अवस्थामा पुगेको हामी सबैलाई जानकारी छ । अहिले विमान राम्रोसँग सञ्चालन भइरहेको छ । नजिकबाट यसको निगरानी गरिरहेका छौं । अन्तर्राष्ट्रियमा अहिले तीनवटा विमान उडानमा र एउटा विमान मर्मतसम्भारका निम्ति पठाइएको छ । व्यवस्थापन खर्च कटौती गरेर निगमलाई सञ्चालन नाफामा लैजान सफल भएका छौं । निगम पाँच अर्ब ऋण तिर्न सफल भएको छ । अहिले सन्तोषजनक नभए पनि तुलनात्मक रुपमा विगतको भन्दा राम्रो छ । करिब ८० प्रतिशतभन्दा बढी विमानको सिट बिक्री भएको छ ।

**प्र. पर्यटन मन्त्रालयको हालसम्मको प्रगति र आगामी योजना के छन् ?**

-पहिलो कुरा जनतालाई सेवा प्रवाह गर्न संरचना र प्रणाली नै आवश्यक पर्छ । हामीले लामो सङ्घर्षबाट प्रणाली बसाउने प्रयास गऱ्यौं, सङ्घीय संरचनामा गयौं, त्यसलाई सञ्चालन गर्ने संरचना बनाउनुपर्छ । ऐन कानुन चाहिन्छ । पर्यटन ऐन, २०३५ संशोधन गरेर समयसापेक्ष बनाउने अन्तिम चरणमा छौं, ऐनको मस्यौदा अर्थमन्त्रालयमा पुगेको छ । कानुन मन्त्रालय हुँदै मन्त्रिपरिषद्बाट ऐन संसद्मा पेस हुनेछ । त्यस्तै, संस्कृति ऐन निर्माणको अन्तिम तयारीमा छौं । म समन्वयात्मक ढङ्गले एकीकृत पर्यटकीय पूर्वाधार निर्माण गर्ने योजनामा छु । नीतिगत रुपमा सुधारका लागि मन्त्रिपरिषद्बाट एकीकृत कार्ययोजना बनाएर पारित गर्ने नीतिगत योजना र तयारीमा छु ।

**प्र. नेपाल वायुसेवा निगमको संरचनागत सुधारबारे जानकारी दिनुहुन्छ कि?**

- निगमको संरचनागत सुधारका लागि अध्ययन समिति बनाएका छौं । निगमलाई सिधै व्यवस्थापन करारमा जाने भनेर पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीको संयोजकत्वमा समिति गठन गरिएको छ । उहाँको संयोजकत्वमा यसअघि गठित समितिले गरेको सिफारिस कार्यान्वयन गर्न पुनः श्री क्षेत्रीकै संयोजकत्वमा गठित समितिलाई ४५ दिनको समयावधि दिइएको छ । उक्त समितिले निर्धारित समयभित्रै प्रतिवेदन प्रस्तुत गर्नेछ ।

**प्र. निगमको आन्तरिक उडानका लागि तीनवटा ट्विनअटर विमान खरिद गर्ने प्रक्रिया कहाा पुग्यो ?**

-विमान खरिदको टुङ्गो आजभन्दा सात दिनअगाडि नै लागिसक्नुपर्ने थियो तर कानुनी र प्राविधिक सल्लाहका निम्ति समिति गठन गरिएको रहेछ त्यसको सुझावका लागि केही समय लाग्ने भनिएको छ, अबको १५ दिनभित्र विमान खरिदको अन्तिम निर्णय आउनेछ ।

**प्र. पर्यटन क्षेत्रका चुनौती समाधान गर्न योजना छन् कि?**

- हामी भयङ्क चुनौतीका बीचमा छौं तर असम्भव भने छैन । मुख्य चुनौती भनेको स्थापित प्रणालीलाई बलियो बनाउने, ऐनकानुन परिमार्जन गर्ने र हाम्रो कार्य संस्कृति परिवर्तन भएमा धेरै गर्न सकिन्छ ।

**प्र. मन्त्रालयका तर्फबाट भइरहेका नयाा काम केही छन् कि ?**

-मन्त्रालयमा मैले नीतिगत रुपमा परिणाम दिनका निम्ति धेरै मेहेनत गरेको छु । म आएको एक वर्षमा एक सय एक काम गऱ्यौं, त्यसपछि थप १२ भन्दा बढी काम सुरु गरिएको छ । गत बिहीबार मैले मन्त्रालयभित्रका १२ वटा शाखा प्रमुखलाई अबको सात दिनभित्र लिखित रुपमा आफ्नो योजनासहित प्रस्तुत हुने निर्देशन दिएको छु । परिणाममुखी बन्न त्यस्तो निर्देशन दिइएको हो ।

**प्र. देशका धेरै भागमा रहेका आन्तरिक विमानस्थल सञ्चालन भएका छैनन्, तपाईं के भन्नुहुन्छ?**

- निर्माण भइसकेका विमानस्थल सञ्चालन गर्नु हाम्रो दायित्व हो । धेरै विमानस्थल हुँदा उडान गर्न सकिन्छ । हामीसँग कम्तीमा ६ वटा विमान भए एउटा विमानबाट कम्तीमा पाँचदेखि छ उडान गर्ने हाम्रो योजना छ । छवटा विमानले दैनिक ३६ उडान गर्दा सडक सञ्जाल नपुगेका दुर्गभ भेगका जनताले सेवा पाउनेछन् । मलाई लाग्छ, विमान भए विमानस्थल पनि सञ्चालन हुन्छन् ।रासस

# ईयूले नाइजेरियाको उर्जा क्षेत्रमा चार करोड डलर लगानी गर्ने



सिन्ह्वा

अबुजा । युरोपियन सङ्घ (ईयू) ले शुक्रबार नाइजेरियाको उर्जा क्षेत्रलाई सक्षम बनाउन तीन लाख ७० हजार यूरो (करिब ४० मिलियन अमेरिकी डलर) लगानी गर्ने प्रतिबद्धता गरेको छ।

नाइजेरियाका लागि ईयू प्रतिनिधिमण्डलका प्रमुख सामुएला इसोपी र अबुजामा उर्जा मन्त्री एडबेयो अडेलाबुबीचको बैठकमा उक्त घोषणा गरिएको थियो। इसोपीले वित्तीय प्रतिबद्धता २० करोड यूरो (२१ करोड ६०लाख डलर) अनुदानबाट अलग रही २००८ देखि नाइजरको उर्जा क्षेत्रमा लगानी गरिएको छ ।प्रतिज्ञारत सहयोगको उदेश्य उर्जा क्षेत्रका महत्वपूर्ण क्षेत्रहरूलाई सम्बोधन गर्नु हो । पूर्वाधार र पहुँच बढाउनमा ध्यान केन्द्रित गर्दै इसोपीले कोषले स्वास्थ्य सेवा सुविधा तथा साना जलविद्युत र सौर्य ऊर्जा विकासलगायतका पहलहरू लक्षित गर्नेछ।

लगानी भिन्न तथा आपसमा जोडिएका साना-ग्रिडहरू समावेश रहेको ग्रामीण विद्युत परियोजनाहरूमा प्रयोग हुने नाइजेरियाका लागि ईयूका विशेष प्रतिनिधीले बताउनुभएको छ । उहाँले ईयूले दिगोपन र कुशल स्रोत उपयोग प्रवर्द्धन गर्ने प्रयासहरूमा अर्थव्यवस्था सिद्धान्तहरू एकीकृत गर्ने योजना बनाएको र यसै अनुसार परिपत्र गरिएको बताउनुभयो । बैठकमा अदेलाबुले नाइजेरियाको ऊर्जा क्षेत्रले सामना गरिरहेका चुनौतिको सम्बोधन गर्न थप सहयोग आवश्यक रहेको बताउनुभयो।

नाइजेरिया सरकारले आर्थिक चुनौतिलाई सम्बोधन गर्ने उद्देश्यले महत्वपूर्ण नीतिगत परिवर्तनमा बिजुलीमा अनुदान अन्त्य गर्ने योजना बुधबार घोषणा गरेको छ ।नाइजेरियाको उर्जा क्षेत्रमा लगानी गर्ने ईयूको प्रतिबद्धताले आर्थिक विकासलाई बढावा दिई नागरिकको जीवनस्तर सुधार गर्न अन्तर्राष्ट्रिय साझेदारीको महत्वलाई स्पष्ट पारेको अदेलाबुले बताउनुभयो।

# मैत्रीपूर्ण खेलमा पत्रकार महासंघ धनुषाको शानदार जीत



टुडे समाचारदाता

जनकपुरधाम।मैत्रीपूर्णक्रिकेट प्रतियोगितामा नेपाल पत्रकार महासंघ धनुषाले जनकपुरधाम उद्योग वाणिज्य संघ ४ विकेटले पराजित गर्दै शानदार विजयी हासील गरेको छ।

बाह्रबिघा मैदानमा जारी बिवाइडी दोस्रो इन्टर स्कुल क्रिकेट च्याम्पियनसिप प्रतियोगिताअन्तर्गत शनिबार सम्पन्न भएको मैत्रीपूर्ण खेलमा उद्योग वाणिज्य संघलाई पराजित गर्दै महासंघ धनुषा विजयी भएको हो।

उद्योग वाणिज्य संघले दिएको ५३ रनको लक्ष्य पत्रकार महासंघको टोलीले ६ विकेट गुमाएर सहजै पूरा गरेका थिए।

पत्रकार महासंघका लागि उपाध्यक्षसमेत रहेका कप्तान अवधेश कामतले चौकाका साथ विजयी सट प्रहार गरे।पत्रकार महासंघका लागि कमलेस ठाकुरले सर्वाधिक १४ र प्रमोद रंगिलेले १३ रनको योगदान दिए। रंगिले नटआउट रहे । उद्योग वाणिज्य संघका लागि कप्तानीसमेत गरेका वरिष्ठ उपाध्यक्ष मनिष रमण साहले ह्याट्रिकसहित ४ विकेट लिए।

यसअघि टस जितेर ब्याटिङ रोजेको उद्योग वाणिज्य संघले निर्धारित १२ ओभरमा ५२ रन बनाएको थियो । कमलेश ठाकुरको लगातार चौका र प्रमोद रंगिलेको जवरदस्त प्रर्दशनले तीन अभरमै जीत तर्फ अग्रसर भएको पत्रकार महासंघ धनुषा कमलेश ठाकुर आउट र प्रमोद रंगिलेलाई डिक्लियर गरेर फिर्ता बोलाएपछि एकसमय उद्योग वाणिज्य संघतर्फबाट मनिष रमणले शानदार बलिंगको प्रर्दशन गर्दै महासंघ धनुषामाथि हावी हुदै हयाट्रीक लिन सफल पनि भएका थिए।

तर सुरुवाती अभरमा गरिएको प्रर्दशनले लागातारको विकेट पतनले पनि महासंघको जितलाई संघले रोक्न सकेन् । उद्योग वाणिज्य संघका लागि महिला सदस्य मायाकुमारी साहले नटआउट १२ रन बनाइन्। त्यस्तै मनोज साहले ४ रनको योगदान दिए ।पत्रकार महासंघका लागि घनश्याम मिश्रले २, सन्दीप साह र धैर्यकान्त दत्तले १-१ विकेट लिए।

# जापानद्वारा एच-थ्री नाम दिइएको नयाँ पुस्ताको रकेटको सफल परीक्षण



एएफपी

टोकियो। जापानको अन्तरिक्ष निकाय (जाक्सा) ले आफ्नो नयाँ रकेटको सफल प्रक्षेपण गरेको छ। वर्षौंको ढिलाइ र यसअघिका दुई असफल प्रयासबाट निराशा भोगेको जाक्सालाई एच-थ्रीको सफल परीक्षणले उत्साहित बनाएको छ।

नयाँ पुस्ताको एच-थ्रीलाई स्पेसएक्सको फाल्कन ९ को प्रतिद्वन्द्वीको रुपमा प्रस्तुत गरिएको छ र यसले एक दिन चन्द्रमाको सतहमा सामान पुऱ्याउने काम गर्नसक्छ।

जाक्साका अध्यक्ष हिरोशी यामाकावाले भन्नुभयो, "म लामो समयदेखि अन्तरिक्ष अभियानमा छु, तर मैले पहिले कहिल्यै पनि यति धेरै खुसी महसुस गरेको थिइन र मैले कहिल्यै पनि यति राहत महसुस गरेको थिइन ।जापानले गत महिना चन्द्रमामा मानवरहित यानको सफल अवतरण गरेपछि जापान चन्द्रमाको सतहमा यान अवतरण गर्ने पाँचौं देश बनेको छ।

दक्षिणपश्चिमी जापानको तानेगाशिमा अन्तरिक्ष केन्द्रबाट स्थानीय समयअनुसार बिहान ९:२२ बजे प्रक्षेपण गरिएको एच-थ्री प्रक्षेपण गरिएको थियो।

एजेन्सीको लाइभ स्ट्रिममा एच-थ्रीको इन्जिनले अपेक्षाकृतरूपमा काम गरेको र रकेटले यसलाई अन्तरक्षिको कक्षमा प्रवेश गराएको घोषणा गरेपछि जाक्सा कन्ट्रोल सेन्टरबाट ताली र आवाजद्वारा खुशी व्यक्त गरिएको चर्को आवाज सुनिएको थियो ।जाक्सा र मित्सुबिशी हेभी इन्डस्ट्रिजद्वारा संयुक्त रूपमा विकास गरिएको एच-थ्री सन् २००१ मा सुरु भएको एच-आईआईए प्रक्षेपण प्रणालीको उत्तराधिकारी हो।

"'उच्च लचीलोपन, उच्च विश्वसनीयता र उच्च लागत प्रदर्शन' को लागि डिजाइन गरिएको शिल्पले 'अन्तरिक्षमा जापानको स्वायत्त पहुँच कायम राख्नेछ'," जाक्साले भनेको छ। वैज्ञानिकहरूले एच-थ्रीमा प्रयोग भएको विश्वकै पहिलो प्रविधिको परीक्षण महत्वपूर्ण रहेको बताएका छन्।

युनिभर्सिटी अफ मेलबोर्नको मेलबर्न स्पेस ल्याबोरेटरीका निर्देशक मिचेल ट्रेन्टीले भन्नुभयो, "एच-थ्री रकेटमा पहिलो चरणको अद्वितीय इन्जिन छ यसले अत्याधुनिक रकेटको तुलनामा बढी सन्तुष्टि प्रदान गर्छ ।"एच-थ्रीमा 'सबैभन्दा लागत प्रभावी रकेट हुने क्षमता छ जसले सौर्य प्रणालीको अन्वेषणलाई अझ किफायती बनाउनेछ," उहाँले भन्नुभयो ।सन् २०२३ को फेब्रुअरीमा इन्धन प्रज्ज्वलनको समस्याले रकेटलाई जमिनमा गतिहीन बनाएपछि प्रक्षेपण रद्द गरिएको थियो।

गत वर्षको मार्चमा दोस्रो पटक गरिएको प्रयासमा प्राविधिक समस्याका कारण प्रक्षेपण भएको केही समयपछि नै विस्फोट भएको थियो ।सबैभन्दा पछिल्लो यो प्रक्षेपण पनि खराब मौसमका कारण चार दिन पछि सारिएको थियो तर शनिबार सफलतापूर्वक प्रक्षेपण गरिएको रकेटले दुईवटा साना स्याटेलाइट बोकेको छ ।एउटा माइक्रोस्याटेलाइटले फोटो र भिडियो खिचेर विपद् रोकथाममा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

सेन्सरको साथ सुसज्जित अर्को स्याटेलाइट इन्फ्रारेड किरणहरू पत्ता लगाउन जमीनमा कारखानाहरूको सञ्चालन अवस्थाहरू पछ्याउने उद्देश्यले तयार पारिएको हो ।जाक्साको लाइभ स्ट्रिमका अनुसार माइक्रोसेटेलाइट्सलाई छुट्याउने काम पनि भएको पुष्टि भएको थियो ।जाक्साका एक अधिकारीले भने, "रकेटलाई सफलतापूर्वक अन्तरिक्षमा पुऱ्याएपछि हामी नतिजाको विश्लेषण जारी राख्नेछौं।

फ्लिन्डर्स युनिभर्सिटीकी अन्तरिक्ष अन्वेषण विज्ञ एलिस गोर्मनका अनुसार एच-थ्री पृथ्वीको कक्षमा भू-उपग्रह प्रक्षेपण गर्न, अन्तरिक्ष स्टेशनका लागि आपूर्ति यानको रूपमा काम गर्न र चन्द्रमामा जान सक्षमहुनेजस्ता बहुकार्य गर्नसक्ने रकेट हुनेछ ।जापानले गत महिना चन्द्रमाको सतहमा 'मून स्नीपर' उपनाम दिइएको स्लिम अन्तरिक्षयान अवतरण गर्न सफल भएको थियो।

बर्मिङ्घम विश्वविद्यालयका एस्ट्रोफिजिक्सका मानार्थ प्राध्यापक एड्रियन माइकल क्रुजका अनुसार हालैका असफलताका बावजुद जापानको अन्तरिक्ष कार्यक्रम आफ्नो अहिलेसम्मको प्रदर्शनभन्दा धेरै माथि पुगेको छ ।उहाँले भन्नुभयो, "जापानले केही प्रमुख खेलाडीहरूलाई चुनौती दिँदै अन्तरिक्ष अन्वेषणका लागि भविष्यको महत्वाकांक्षा राखेको छ।"

# 'रचनात्मक' वार्ता

एएनआइ

वासिङ्टन। अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र चिनियाँ विदेशमन्त्री वाङ यीबीच म्युनिख सुरक्षा सम्मेलनका क्रममा शुक्रबार भएको भेटवार्तामा 'स्पष्ट र रचनात्मक' छलफल भएको बताइएको छ।

अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता म्याथ्यू मिलरका अनुसार शिखर सम्मेलनका क्रममा भएको भेट संवादको मार्ग खुला राख्न र सम्बन्धमा प्रतिस्पर्धालाई जिम्मेवारीपूर्वक व्यवस्थापन गर्न जारी प्रयासको एक भागको रूपमा भएको हो। भेटमा द्विपक्षीय, क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूको बारेमा छलफल भएको थियो।

मिलरका अनुसार म्युनिखमा वाङसँग 'स्पष्ट र रचनात्मक छलफल' गर्ने क्रममा ब्लिन्केनले युक्रेनविरुद्ध रूसको आक्रामकतालाई चीनले समर्थन गरेकोमा चिन्ता व्यक्त गर्नुभएको थियो।

दुवै पक्षले पश्चिम एसिया र कोरियाली प्रायद्वीपको अवस्थाका बारेमा पनि विचार आदानप्रदान गरेका थिए र आ-आफ्ना वरिष्ठ अधिकारीहरूले यी छलफलहरूको अनुगमनका लागि बैठक गर्नुपर्नेमा जोड दिएका थिए।

ब्लिन्केनले ताइवान स्ट्रेट र दक्षिण चीन सागरमा शान्ति र स्थिरता कायम गर्ने महत्वमा जोड दिएको वासिङ्टन स्रोतले जनाएको छ। ब्लिन्केन र वाङबीचको शुक्रबारको बैठक ताइवानको मध्य जनवरीमा भएको राष्ट्रपतीय निर्वाचनपछि दुई देशका वरिष्ठ अधिकारीहरूको पहिलो प्रत्यक्ष बैठक हो।

उक्त अवसरमा चिनियाँ विदेशमन्त्री वाङले 'चीन-अमेरिका सम्बन्धको सुदृढ, स्थिर र दिगो विकास' गर्न आह्वान गर्नुभएको थियो। "दुवै पक्षले पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र दुवैको जीत हुने सहकार्यका सिद्धान्तहरूको पालना गर्नुपर्दछ र दुई प्रमुख देशहरूलाई एकअर्कासँग घुलमिल हुनका लागि सक्रिय रूपमा सही मार्गको खोजी गर्नुपर्दछ," वाङलाई उद्धृत गर्दै चिनियाँ समाचार संस्था सिन्ह्वाले लेखेको छ।

उहाँले भन्नुभयो, "संयुक्त राज्य अमेरिकाले यदि उसले ' ताइवान स्ट्रेटमा स्थिरताको साँच्चिकै आशा गर्दछ' ताइवानको विकासलाई 'वस्तुनिष्ठ र तर्कसङ्गत रूपमा' हेर्नुपर्छ र एक चीन सिद्धान्तको पालना गर्नुपर्छ।"

ब्लिन्केन र वाङबीच गत वर्षको अक्टोबरपछि र गत महिना भएको टेलिफोन वार्तापछि भएको यो पहिलो बैठक हो।

# नेदरल्याण्ड्सविरुद्ध नेपालको शानदार जित



टुडे समाचारदाता

काठमाण्डु । नेपालले नेदरल्याण्ड्विरुद्ध शानदार जित हासिल गरेको छ । आइसिसी पुरुष क्रिकेट विश्वकप लिग-२ अन्तर्गत शनिबार भएको खेलमा नेपालले नेदरल्याण्ड्सलाई नौ विकेटले पराजित गर्दै दुई अङ्क जोड्यो ।जारी प्रतियोगिताको पहिलो खेलमा नामिबियासँग चार विकेटले पराजित भएको नेपाल आजको खेलमा नेदरल्याण्ड्समाथि हावी भयो।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेदरल्याण्ड्सले ३९ ओभरमा सबै विकेट गुमाउँदै एक सय ३७ रनमा सीमित भयो। नेदरल्याण्ड्सलाई सस्तैमा समेट्ने क्रममा कुशल भुर्तेलले चार विकेट लिए भने ललित राजवंशीले दुई विकेट लिए। साथै कप्तान रोहित पौडेल र सोमपाल कामीले एक/एक विकेट लिए । नेदरल्याण्ड्सका दुई ब्याटर रनआउट भए।

नेदरल्याण्ड्सको पारीको सुरुआत राम्रो भएन। चार रनमा पहिलो विकेट गुमाएको उसले १८ रनमा दोस्रो विकेट गुमायो। साथै ५६ रन छँदा नेदरल्याण्ड्सले तेस्रो, ६७ रनमा चौथो ९७ रनमा पाँचौं, ९९ रनमा छैटौं, एक सय एक रनमा सातौं र एक सय २२ रनमा आठौं विकेट गुमायो। त्यसैगरी एक सय २७ रनमा नवौं र एक सय ३७ रनमा अन्तिम विकेट गुमायो । उसका लागि कप्तान स्टक एड्वार्डसले सर्वाधिक ३३ रन बनाए भने साइब्राण्ड एंगलब्रेक्टले २३ र बास डे लिडेले २७ रनको योगदान दिए।

एक सय ३८ रनको लक्ष्य नेपालले १५ दशमलव दुई ओभरमा एक विकेटको क्षतिमा पूरा गऱ्यो । नेपालका लागि ओपनर कुशल भुर्तेलले २८ रन बनाए भने आशिफ शेख र अनिल साहले अर्धशतकीय पारी खेले। आशिफले ५४ रन र साहले ५७ रनको योगदान दिए। नेदरल्याण्ड्सका भिभिआन किङ्माले एक विकेट लिए।

# रूसी विपक्षी नेता नभाल्नीको मृत्युबारे छानबिन गर्न आग्रह

एएफपी

संयुक्त राष्ट्रसङ्घ। रूसी प्टिन प्रशासनको प्रखर आलोचक तथा विपक्षी नेता एलेक्सी नभाल्नीको जेलमा भएकाके मृत्युपछि संयुक्त राष्ट्रसङ्घ र विश्वका प्रमुख शक्ति राष्ट्रका नेताहरूले घटनाको छानवीन गर्न आग्रह गरेका छन्।

रूसमा पछिल्लो दशक सबैभन्दा प्रखर प्रतिपक्षी नेताको छवि बनाएका नभाल्नीको जेलमा निधन भएको कारागार प्रशासनले शुक्रवार जनाएको थियो ।संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले 'हिरासतमा भएको भनिएको नभाल्नीको मृत्युको परिस्थितिबारे पूर्ण विश्वसनीय तथा पारदर्शी छानबिन' हुनुपर्ने माग गर्नुभएको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरसका प्रवक्ताले नभाल्नीको मृत्युबाट महासचिव स्तब्ध भएको बताएका छन् ।एलेक्सीको नभाल्नीको मृत्युको विवरणले राष्ट्रसङ्घका महासचिव गुटेर्रेस 'स्तब्ध भएको' उहाँका प्रवक्ताले बताउनुभएको छ । यसैगरी राष्ट्रसङ्घको मानवअधिकार कार्यालले स्वतन्त्र निकायमार्फत् घटनाको छानबिन हुनुपर्ने माग गरेको छ। 'बिनाकारण जस्तो देखिएको' नभाल्नीको कारावासबारे पनि आफूले बारम्बार कुरा उठाएको कार्यालयले आफ्नो विज्ञप्तिमा उल्लेख गरेको छ।

अमेरिकाका राष्ट्रपति जो बाइडेनले घटनाका लागि रुसी राष्ट्रपति भ्लादिमिर पुटिन जिम्मेवार रहेको दावी गर्दै यसको निष्पक्ष छानवीन हुनुपर्ने बताउनुभएको छ। राष्ट्रसङ्घीय मानव अधिकार आयुक्त फोल्कर ट्यूर्कले गत वर्ष नभाल्नीलाई सुनाइएको लामो सजायले रूसले अदालती प्रणालीलाई राजनीतिक उद्देश्यका लागि प्रयोग गरेको देखाएको बताउनुभएको छ। "यदि कोही राज्यको हिरासतमा मर्छ भने त्यसका लागि राज्य जिम्मेवार हुने अन्तरराष्ट्रिय मान्यता छ," राष्ट्रसङ्घले भनेको छ।

नभाल्नीको मृत्युको घोषणापछि ह्वाइट हाउसमा बोल्दै अमेरिकी राष्ट्रपति जो बाइडनले आफूलाई उक्त घटनाले 'अचम्भीत र आक्रोशित' तुल्याएको बताउनुभएको छ । रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको प्रखर आलोचक रहेका नभाल्नीको 'वीरता'को प्रशंसा गर्दै बाइडेनले सन् २०२० मा विष दिइएपछि नभाल्नी निर्वासनमा देशबाहिर रहनसक्ने भएपनि उहाँले त्यसो नगरेको बताउनुभयो। "पुटिन जे थिएनन्, नभाल्नी त्यही थिए," बाइडेनले नाभाल्नीको विशेष क्षमताबारे बताउनुभयो । उहाँले थप्नुभयो, "गल्ती नगरौं, नभाल्नीको मृत्युका लागि पुटिनले जिम्मेवार छन्।"

म्युनिखबाट अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले पुटिनको मृत्यु 'पुटिनको क्रूरताको सङ्केत' भएको बताउनुभएको छ । जर्मनीका चान्सलर ओलाफ स्कोल्जले नाभाल्नीको मृत्यु रूसी जनताका लागि 'ठूलो त्रासदी' भएको बताउनुभएको छ। बेलायतको विदेश मन्त्रालयले नाभाल्नीको मृत्युका लागि रुसी अधिकारीलाई पूर्ण रुपमा जिम्मेवार ठहऱ्याउन रुसी दूतावासलाई बोलाएको जनाएको छ।

यसैगरी बेलायतका विदेशमन्त्री डेभिड क्यामरूनले नभाल्नीको मृत्युको परिणाम रूसले भोग्नुपर्ने चेतावनी दिनुभयो। जर्मनीमा जारी म्यूनिख सुरक्षा सम्मेलनमा क्यामरूनले भन्नुभयो, "रूसले यसको परिणाम बेहोर्नुपर्नेछ ।"लातभियाका राष्ट्रपति एडगर्स रिन्केभिक्सले 'क्रेमलिनले नभाल्नीको निर्मम हत्या गरेको' बताउनुभउको छ।

त्यसैगरी, फ्रान्सका विदेशमन्त्री स्टेफन सेजोर्नले नभाल्नीको मृत्युले 'पुटिनको शासनको वास्तविकताको सम्झना गराएको' बताउनुभएको छ। युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले विगत दुई वर्षदेखि रूसी सेनासँग लडिरहेका बेला क्रेमलिनका आलोचकको हत्या भएको बताउनुभएको छ ।नाभाल्नी सन् २०२१ को फेब्रुअरीमा नभाल्नी सन् २०१४ मा सुनाइएको सजाय उल्लङ्घन गरेको आरोपमा जेल पर्नुभएको थियो।

# प्यालेस्टाइनी राज्य कसैको उपहार वा अनुग्रह होइन



सिन्ह्वा

रमल्लाह । प्यालेस्टाइनी विदेश मन्त्रालयले शुक्रबार प्यालेस्टाइनी राज्य कसैको उपहार वा अनुग्रह नभएर "अन्तरराष्ट्रिय कानून र वैध अन्तरराष्ट्रिय संकल्पद्वारा सृजित अधिकार" रहेको बताएको छ ।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले प्यालेस्टाइनको राज्यसत्ताका लागि अन्तरराष्ट्रिय दबाबको पछिल्लो अस्वीकारको प्रतिक्रियामा वाशिङ्गटन पोस्टको बुधबारको रिपोर्टको जवाफमा उहाँजो सो धारणा सार्वजनिक भएको हो।

संयुक्त राज्य अमेरिका र अरब देशहरूको सानो समूहद्वारा "प्यालेस्टाइन राज्यको स्थापनाको लागि निश्चित समयतालिका" का लागि जारी वार्ताको सम्बन्धमा बुधबार वाशिङ्गटन पोस्टमा एउटा रिपोर्ट छापिएको छ।

"हामी प्यालेस्टिनीहरूसँग समस्याको स्थायी समाधानका नाममा अन्तरराष्ट्रिय आदेश र निर्देशनलाई सशक्त रूपमा साथ अस्वीकार गर्छौं," नेतन्याहूले शुक्रबार राति अमेरिकी राष्ट्रपति जो बाइडेनसँग फोन वार्तामा भन्नु भएको छ।

नेतन्याहुले फेरि एक पटक कब्जा र दबाबको अन्त्य गर्ने र प्यालेस्टाइनी राज्य स्थापना गर्ने अधिकारमा अन्तरराष्ट्रिय र अमेरिकी सहमतिलाई चुनौती दिँदै अन्तरराष्ट्रिय र संयुक्त राष्ट्रसंघको मान्यतालाई पनि अस्वीकार गरेको घोषणा गर्नु भएको मन्त्रालयले शुक्रबार विज्ञप्तिमा जारी गर्दे उल्लेख गरेको छ।

नेतान्याहुले प्यालेस्टिनी जनताको राज्यसत्ता सम्बन्धी कुनै पनि प्रयास वा विचारलाई विफल पार्न विश्व र प्यालेस्टाइनी जनतामा आफ्ना परम्परागत अवस्थाहरू थोपर्ने वा आदेश दिने प्रयत्न गरिए तीमध्ये कुनै पनि अन्तरराष्ट्रिय हस्तक्षेप स्वीकार नगर्ने उहाँले बताउँनु भएको छ।

# दूध उत्पादनमार्फत किसानको जीवनस्तर उकास्ने 'मिल्की वे' परियोजना

सिन्धुली । कमलामाई नगरपालिका-५ कि किसान गुणकुमारी घिमिरे आफ्नो गोठमा केही दिनअघि मात्रै जन्मिएको होलिस्टाइन (कोरली) गाईको बाच्छी उमा सुवेदीलाई उपहार दिँदै गर्दा निकै खुसी देखिनुहुन्थ्यो। उपहार दिने घिमिरे र लिने सुवेदी मात्रै होइन यो क्षणको साक्षी बन्न उपस्थित अन्य किसान पनि यो एतिहासिक पललाई रुचिपूर्वक नियालिरहेका थिए ।




गत वर्षको पुसमा हेफर इन्टरनेसनको अग्रसरता र कोरिया सरकारको सहयोगमा नेपालमा पहिलोपटक यहाँका ५१ किसानलाई ८० होलिस्टाइन (उच्च आनुवंशिक गुण भएका) बाच्छी वितरण गरिएको थियो । त्यसैमध्ये घिमिरेले पालेको 'तोसेली' नामक गाईले नेपालमै पहिलो पटक गत माघ २३ गते बाच्छी 'गाम्सा'लाई जन्म दिएको थियो । कोरिया सरकारको सहयोगमा प्राप्त भएकाले पहिलोपटक जन्मिएको बाच्छीको नाम पनि कोरियन भाषामै राखिएको हो । 'गाम्सा' अर्थात् 'धन्यवाद' ।

बाच्छी उपहार प्रदानका अवसरमा नेपालका लागि गणतन्त्र कोरियाका राजदूत पार्क थेयङ, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा रेवतीरमण पौडेल, कमलामाई नगरपालिलकाका प्रमुख उपेन्द्रकुमार पोखरेल, कोइका नेपालका उपनिर्देशक युन्ही चुङ, हेफर इन्टरनेसनलका वरिष्ठ उपाध्यक्ष निना जोशी, हेफर नेपालका राष्ट्रिय निर्देशक डा तीर्थराज रेग्मी, कोरियाका सिओल डेरी सहकारीको पिएजेयु डेरी क्लिनिकका अध्यक्ष तथा प्रमुख पशु चिकित्सक डा यङ्ग-चान किन, हेफर कोरियाका कार्यकारी निर्देशक हेवोन लीलगायतको उपस्थिति थियो ।

"मेरो गोठमा जन्मिएको गाम्सा उमालाई उपहार दिन पाउनु मेरा लागि सौभाग्य हो", कलिलो गाम्साको शरीर मुसार्दै घिमिरेले भने, "गत वर्ष पुसमा गाम्साजस्तै सानो बाच्छी जन्मिएकी थिइन् । आज त्यही गाईबाट जन्मिएको बाच्छी उपहार दिन पाउँदा निकै खुसी लागेको छ ।"

उपहार स्वीकार्दै सुवेदीले पनि आफू निकै खुसी भएको बताए । "नेपालमा पहिलोपटक जन्मिएको होलिस्टाइन बाच्छी पाउनु मेरा लागि खुसीको कुरा हो", उनले भने, "भविष्यमै गाईपालनमा लाग्ने सोच बनाएकी मलाई उच्च आनुवंशिक गुणको बाच्छी सहयोगी बन्ने छ ।" सुवेदीले बाच्छी पाउन करिब छ महिना भने कुर्नुपर्ने हुन्छ ।

गाईले जन्माएको बाच्छी उपहार दिने चलन पनि कोरियाबाटै चलेको हो । कोरियामा यसलाई 'पासिङ द गिफ्ट' भनिन्छ । अर्थात् आफूले प्राप्त गरेको गाईको पहिलो बेतबाट जन्मिने बच्चालाई आफूजस्तै किसानलाई अनिवार्यरुपमा उपहारका रुपमा दिनु हो । यसबाट गाईपालन गर्ने किसानको सङ्ख्या बढाउँदै लैजाने र धैरैभन्दा धैरै किसानको आयआर्जन बढाउनु हो ।गुणकुमारीका पति भोला अधिकारीले गाईले ब्याएको आठ दिनसम्म दैनिक २८ देखि ३० लिटरसम्म दूध दिएको बताए । "हामीले गत वर्ष ११ महिनाको उमेरको तोसिली (नेपाली नाम माली) गाई प्राप्त गर्दा तीन सय किलोको थियो । अहिले उसको तौल छ सय ७८ किलो पुगेको छ । बाच्छी जन्मने बेलामा ४५ किलो तौल थियो । गाईले अहिले दैनिक ३० लिटरसम्म दूध दिइरहेको छ", उनले भने ।

अधिकारीले गाई ब्याएको सातौँ दिनदेखि डेरीमा दूध बिक्री सुरु गरेको बताए । "डेरीमा दूध प्रतिलिटर रु ७६ देखि रु ७७ सम्म बिक्री भएको छ", उनले भने, "गाई ब्याएको २२ दिनदेखि दूध बढ्ने छ ।"

तेह्र महिनासम्म गाई पाल्दा करिब रु एक लाख ७५ हजार खर्च भएको उल्लेख गर्दै उनले दूध बिक्रीबाट लागेको खर्च तीनदेखि चार महिनामा उठिसक्ने बताए । सो गाईको दूध बिक्रीबाट मासिक रु ६० हजारसम्म आम्दानी गर्ने अधिकारीको लक्ष्य छ ।

गत वर्ष यसरी होलिस्टाइन बाच्छी पाउनेमा तल्लोराजपानी महिला उद्यमी समूहकी सदस्य रुकमणि अधिकारी पनि हुनुहुन्छ । उनले तत्कालीन समयमा दुई गाई पाएका थिए । अहिले दुवै गाई गर्भवती छन् । "गत वर्षको पुसमा हामीले गाईका बाच्छी पाउँदै गर्दा कहिले ठूलो होलान र ब्याउलान, अनि आम्दानी गर्न पाइएला भन्ने लागेको थियो, तर तीमध्ये एउटा गाई ब्याएको छ", उनले भने, "मसँग भएका दुई गाई वैशाखमा ब्याउनेवाला छन् । होलिस्टाइन गाईले पर्याप्त दूध दिने भएकाले यसको बिक्रीबाट आम्दानी बढाउन सकिन्छ भन्ने विश्वास जागेको छ ।"

अधिकारी लामो समयदेखि गाईपालनमै छन् । पहिले स्थानीय जातका मात्रै गाईपालन गर्ने उनले एक वर्षयता स्थानीय जातका गाई घटाउँदै लगेका छन् । "हाम्रो मुख्य पेसा नै गाईपालन हो, पहिले ३० वटासम्म स्थानीय जातका गाई थिए । त्यो बेलामा दैनिक ८० लिटरसम्म दूध बेचिन्थ्यो, अहिले कम भएको छ", उनले भने, "अहिले स्थानीय जातका ११ र होलिस्टाइन दुई गाई मात्रै छन् । वैशाखमा दुई होलिस्टाइन गाई ब्याएपछि दूध बिक्री बढ्ला भन्ने आश छ ।"

स्थानीय जातका गाईले अधिकतम दिनमा १० लिटर मात्रै दूध दिने गरेको अधिकारी बताउनुहुन्छ । "असाध्यै राम्रो स्याहार पायो भने दिनमा बढीमा १० लिटर दूध दिने हो, तर होलिस्टाइन जातको गाईले दिनमा ३० देखि ४० लिटरसम्म दूध दिने रहेछ ।

यसबाट हाम्रो आम्दानी स्वभाविक रुपमै बढ्नेछ।"अधिकारी अहिले एउटा होलिस्टाइन गाईलाई दैनिक चार किलो दाना र १० किलो घाँस खुवाउछन् ।

एउटा बोरा दाना खरिद गर्दा रु दुई हजार आठ सय खर्च हुने गरेको उनले बताए । त्यसबाहेक हरियो घाँस र कटिङ परालमा पनि खर्च हुन्छ ।

कमलामाई नगरपालिकामा होलिस्टाइन गाईपालनका लागि विभिन्न नाममा महिलाका समूह पनि गठन भएका छन् । यहाँ दमार महिला समूह, गैंयादेवी महिला समूह, तल्लोराजपानी महिला उद्यमी समूह, माथिल्लो राजपानी महिला उद्यमी समूहलगायत छन् । यी समूहमा हाल एक सय नौ महिला आबद्ध छन् । विभिन्न समूहमा विभाजन भए पनि गाईपालनमा भने एक अर्काबीच सहकार्य भइरहने अधिकारीले बताए । गाईलाई खुवाइने दाना पनि हेफरले ३० प्रतिशत छुटमा उपलब्ध गराउँदै आएको छ ।

गत वर्ष कमलामाई-४ र ५ मा हेफर इन्टरनेसनल नेपालको आर्थिक तथा प्राविधिक सहयोग तथा सिन्धुली एकीकृत विकास सेवा नेपाल र लाभान्वित समुदायको सहकार्यमा दुग्ध क्षेत्र रुपान्तरण परियोजना सञ्चालन गरिएको थियो । उक्त परियोजना नेपाल सरकार तथा हेफर कोरियाबाट नेपालको दुग्ध क्षेत्र रुपान्तरण गर्ने उद्देश्यले सुरु भएको हो । तत्कालीन समयमा प्राप्त भएका ८० मध्ये पाँच गाई भने मरिसकेका छन् । हाल ७३ गाई गर्भवती छन् ।

'मिल्की वे' परियोजना

नेपाल सरकार, दक्षिण कोरिया सरकार र कमलामाई नगरपालिकाको संयुक्त पहल तथा हेफर इन्टरनेसनलको सहजीकरणमा यहाँ 'मिल्की वे' परियोजना सुरु भएको छ ।

सोही परियोजनाअन्तर्गत होलिस्टाइन गाई यहाँका किसानलाई वितरण गरिएको हो । गत वर्ष ५१ किसानलाई ती गाई वितरण गरिएका थिए ।

आगामी पाँच वर्षमा पाँच सय किसानलाई होलिस्टाइन गाई वितरण गर्ने लक्ष्य रहेको कमलामाई नगरपालिकाका प्रमुख उपेन्द्रकुमार पोखरेलले बताए ।"यसै परियोजनाअन्तर्गत अहिले यहाँ नेपाल-कोरिया मोडेल डेरी भिलेज उद्घाटन गर्न पाउँदा खुसी लागेको छ", उनले भने, "नगरपालिकालाई दूध र दुग्धजन्य उत्पादनमा आत्मनिर्भर बनाउने गरी परियोजना सुरु भएको हो ।" यस परियोजनामार्फत अन्तरर्राष्ट्रिय गुणस्तरको दूध उत्पादन गर्दै किसानको जीवनस्तर उकास्ने लक्ष्य रहेको उनले सुनाए ।

हाल नगरपालिकामा मासिक ३० हजार लिटर दूध उत्पादन भइरहेकामा मिल्की वे परियोजनाअन्तर्गत प्राप्त भएका होलिस्टाइन गाईमार्फत आगामी दुई वर्षमा मासिक दुई लाख लिटर दूध उत्पादन हुने अपेक्षा गरिएको प्रमुख पोखरेलले जानकारी दिनुभयो । "यहाँको माग मासिक ३० देखि ३५ हजार लिटर दूध हो, आगामी दिनमा दूधको उत्पादन बढेसँगै बजारीकरणका लागि नेपाल-कोरिया मोडेल डेरी भिलेज स्थापना गरेका छौँ", उनले भने ।परियोजनामार्फत दूधको बिक्री बढाउन दुग्धजन्य पदार्थको उत्पादन गर्ने योजना रहेको प्रमुख पोखरेलले बताए । "उत्पादन हुने दूधबाट 'डट्स' बनाएर विदेशमा निर्यात गर्ने योजना बनाएका छौँ", उनले भने । मिल्की वे परियोजनाले दूधमा मात्रै आत्मनिर्भर नबनाएर किसानको आम्दानी पनि बढाउने छ ।

"दूध उत्पादन भएपछि आत्मनिर्भर त हुने नै भइयो, यसबाट आम्दानी बढाएर आगामी दिनमा काम खोज्दै विदेश जानुपर्ने अवस्था अन्त्य गर्ने हाम्रो योजना छ", प्रमुख पोखरेलले भने, "एउटा मात्र होलिस्टाइन गाईपालेर पनि दूध बिक्रीबाट मासिक रु ५० हजारभन्दा बढी आम्दानी गर्न सकिने अवस्था बनाउनु हाम्रो उद्देश्य हो ।"दूध उत्पादन बढेसँगै सहकारीमार्फत डेरी सञ्चालन गर्ने योजना बनाएको प्रमुख पोखरेलले बताए । "यो वर्ष ७५ होलिस्टाइन गाई थप हुने छन्, दूध बिक्री नभएर किसानले बाटोमा फाल्नुपर्ने अवस्था आउन नदिनका लागि नगरपालिका सचेत छ", उनले भने ।

गत मङ्गलबार मोडेल डेरी भिलेजको उद्घाटन गर्दै नेपालका लागि गणतन्त्र कोरियाका राजदूत पार्क थेयङले यो कोरियाद्वारा अन्य मुलुकमा स्थापना गरिएको पहिलो डेरी भिलेज भएको बताए । "यस वर्ष दक्षिण कोरिया र नेपालबीच कूटनीति सम्बन्ध स्थापना भएको ५० वर्ष पुगेको अवस्थामा होलिस्टाइन गाईको पहिलो बाच्छीको आगमन दुई देशबीचको चिरस्थायी मित्रताको प्रतीक बनेको छ", उनले भने, "सिन्धुलीको नमूना डेरी भिलेजको सफलताका लागि कोरियाले ज्ञान र स्रोतको हस्तान्तरणलाई निरन्तरता दिनेछ ।"

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा रेवतीरमण पौडेलले कृषि क्षेत्रको मेरुदण्डका रुपमा रहेका साना किसानका लागि दिगो विकास र समृद्धिलाई प्रवर्द्धन गर्ने गरी डेरी क्षेत्रलाई आधुनिकीकरण गर्ने दिशामा यो सराहनीय काम भएको बताए ।

सरकारी तथ्याङ्कअनुसार नेपालमा वर्षमा २५ लाख ७० हजार मेट्रिक टन दूध उत्पादन हुन्छ । साथै दैनिकरुपमा ६५ देखि ७० लाख लिटर दूध उत्पादन हुने र त्यसको १७ प्रतिशत औपचारिक क्षेत्रमा, ३३ प्रतिशत अनौपचारिक क्षेत्र तथा बाँकी ५० प्रतिशत घरेलू प्रयोजनमा खपत हुने गरेको पाइएको छ ।

# नेपाललाई डब्लुएचओको बधाई

टुडे समाचारदाता

काठमाण्डु । नेपालले औद्योगिकरुपमा उत्पादित खाद्य पदार्थमा हानिकारक चिल्लो पदार्थको मात्रा अर्थात् ट्रान्स-फ्याट (अतिखराब चिल्लो)लाई नियन्त्रण गर्न कानुन जारी गरेपछि विश्वस्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले बधाई ज्ञापन गरेको छ ।

डब्लुएचओ दक्षिण-पूर्वी एशियाका लागि क्षेत्रीय निर्देशक साइमा वाजेदले जारी गरेको विज्ञप्तिमा स्वास्थ्यको प्रवर्द्धन गर्दै जीवन बचाउने उद्देश्यसहित नेपालले कानुन बनाएर राजपत्रमा प्रकाशित गरी ट्रान्स-फ्याट नियन्त्रण गर्न कदम चालेकामा बधाई दिएका हुन् । "ट्रान्स-फ्याट एसिड उन्मुलन गर्नु भनेको मुटु तथा रक्तनलीसम्बन्धी रोगबाट हुने अकाल मृत्युलाई रोक्ने एक प्रभावकारी उपाय हो", निर्देशक वाजेदले भने । नेपालले ल्याएको उक्त कानुनबाट जनसङ्ख्याको झन्डै ८० प्रतिशत मानिसमा ट्रान्स-फ्याट एसिडबाट हुने जोखिमबाट सुरक्षित हुने विश्वास लिइएको उनले बताए । औद्योगिकरुपमा उत्पादन भएका वनस्पति घ्यु तथा तेलमा ट्रान्स-फ्याट पाइन्छ ।

सरकारले ट्रान्स-फ्याटको मात्रा खाद्य पदार्थमा रहेको कुल चिल्लो पदार्थको तौलको दुई प्रतिशतभन्दा नबढेको हुनुपर्ने भन्दै राजपत्रमा उक्त कानुन प्रकाशित गरिएको छ । खाद्य ऐन, २०२३ को दफा ७ बमोजिम सरकारले खाद्य पदार्थको गुणस्तर तोक्ने अधिकारअनुसार गत माघ २५ गते राजपत्रमा सूचना प्रकाशित गरी चिल्लो पदार्थको मात्रा ट्रान्स-फ्याटका तोकेको हो ।

विश्वमा औद्योगिकरूपमा उत्पादित ट्रान्स-फ्याट एसिडको प्रयोग गरेबापत बर्सेनि पाँच लाख ४० हजार मानिसको मृत्यु हुने गरेको डब्लुएचओको तथ्याङ्कमा उल्लेख छ । "ट्रान्स-फ्याटको अत्यधिक उपभोगलेमुटुतथारक्तनलीसम्बन्धी रोगबाट हुने मृत्युको जोखिमलाई उल्लेखनीयरूपमा बढाउँछ । यसबाट स्वास्थ्यमा लाभ पुग्ने कुरा अहिलेसम्म जानकारीमा छैन", डब्लुएचओ दक्षिण-पूर्वी एशियाका लागि क्षेत्रीय निर्देशक वाजेदले भने ।

नेपालभन्दा पहिला सन् २०२२ सम्म थाइल्याण्ड, भारत र बङ्गलादेश, सन् २०२३ मा श्रीलङ्काले खाद्यान्नमा ट्रान्स-फ्याट एसिड उन्मूलनका लागि कानुन ल्याएका थिए ।

विश्वमा ट्रान्स-फ्याट एसिड उन्मूलनका लागि कानुन ल्याउनेमा नेपाल पाचौं स्थानमा पर्दछ।डब्लुएचओलेखाद्यपदार्थबाट ट्रान्स-फ्याट एसिडहरू हटाउनाले मानिसको स्वास्थ्य र आरोग्यतामा सुधार आउनुका साथै सन् २०३० सम्ममा नसर्ने रोगबाट हुने अकाल मृत्युदरलाई एक तिहाइले घटाउँदै दिगो विकासको लक्ष्य प्राप्त गर्न मद्दत पुग्ने जनाएको छ ।

# वन्यजन्तु आक्रमणका तीन सय १५ घटना

टुडे समाचारदाता



चितवन । जङ्गली जनावरका कारण चालु आर्थिक वर्षमा तीन सय १५ घटना भएका छन् । चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा ती घटना भएका हुन् । ती घटनाबाट छजनाको मृत्यु भएको छभने १७ जना घाइते भएका छन् ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार घाइतेमध्ये सामान्य घाइते नौ र गम्भीर घाइते आठजना भएका छन् । गैंडाको आक्रमणबाट दुई, बाघको आक्रमणबाट तीन र गोहीको आक्रमणबाट एकजनाको मृत्यु भएको हो । हात्तीको आक्रमणबाट सबैभन्दा धेरै रहेका छन् । हात्तीको आक्रमणबाट सात, गैंडाको आक्रमणबाट पाँच, बाघको आक्रमणबाट चार र गोहीको आक्रमणबाट एकजना घाइते भएका छन् ।

तिवारीका अनुसार चालु आर्थिक वर्षमा वन्यजन्तुका कारण पशुधनमा क्षति ८४, भण्डारण गरिएको अन्नको क्षति छ पटक, घरगोठमा क्षति २० पटक र अन्नबालीमा क्षति दुई सय पाँच पटक भएको छ । वन्यजन्तुका कारण क्षति भएबापत निकुञ्जले चालु आर्थिक वर्षमा रु एक करोड पाँच लाख ५१ हजार छ सय २४ राहत प्रदान गरेको उनले जानकारी दिए ।

गत आवमा भएका सात सय ८४ घटनामा नौ जनाको मृत्यु भएको थियो भने ५५ जना घाइते भएका थिए । घाइतेमध्ये ३६ गम्भीर र १९ जना सामान्य रहेका थिए । सो आवमा एक सय ८५ पशुधन क्षति, भण्डार गरेको अन्नबाली आठ पटक, घरगोठमा क्षति २७ पटक र अन्नबालीमा क्षति पाँच सय पटक पुऱ्याएको तिवारीले बताए ।

त्यस वर्ष निकुञ्जले रु दुई करोड दुई लाख दुई हजार आठ सय ४४ राहत रकम उपलब्ध गराएको थियो । निकुञ्जमा रहेका हात्ती, गैंडा, बाघ, भालु, चितुवा, ब्वाँसो, जङ्गली बँदेल, गोही, गौरीगाई, अजिङ्गर, बाँदर जस्ता जनावरले मानव बस्तीमा स्थानीयलाई दुःख दिने गरेका छन् ।

# चित्रकलाबाट विद्यार्थीहरु कमाउदै

टुडे समाचारदाता

दमौली । तनहुँको आँबुखैरेनी गाउँपालिका-१ स्थित मित्रता माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत मनिषा भुजेल चित्रकलाको सीप सिकेपछि उत्साहित छन् । चित्रकलामा रुचि भए पनि सिक्ने अवसर नपाउनुभएकी उहाँ हाल आफैँले चित्र कोर्नसक्ने भएका छन् ।

आफैँले बुनेको बाँसको नाङ्लोमा समेत चित्र बनाएकी उनले पहिलो प्रयासमै राम्रो प्रतिक्रिया पाएको बताए । उनले भने, "चित्र कोर्न पहिल्यैदेखि एकदमै मनपर्थ्यो, सिक्ने अवसर पाएकी थिइन्, अहिले चित्रकलाको सीप सिकेपछि उत्साहित छु ।

"बाँसको नाङ्लोमा कोरेको चित्र गाउँपालिकास्तरीय शैक्षिक प्रदर्शनीमा राख्दा धेरैले राम्रो प्रतिक्रिया दिएको उनको भनाइ छ । उनले भने, "कस्तो राम्रो चित्र बनाएको भनेर धेरैले हौसला दिनुभयो, मलाई यसमा लाग्न अझ प्रेरित गरेको छ ।" भुजेलले बलात्कारपछि हत्या गरिएकी निर्मला पन्तको चित्र कोरेका छन् ।



भविष्यमा चित्रकलालाई निरन्तरता दिने र चित्र बिक्री गरी पढाइ खर्च व्यवस्थापन गर्ने सोच बनाएको भुजेलले बताए । उनले भने, "मैले अब चित्रकलालाई आम्दानीको स्रोत बनाउने सोच राखेको छु ।

"कक्षा ११ मा अध्ययनरत भुजेलले पहिलो महिनावारीको अवस्थालाई चित्रमार्फत चित्रण गर्नुभएको छ । महिनावारी प्राकृतिक कुरा भएकाले लजाउन हुँदैन भन्ने सन्देश दिन सोहीअनुसारको चित्र कोरेको उनले जानकारी दिए । उनले भने, "महिनावारी भएका बेला लजाउने प्रवृत्ति छ, यो सामान्य कुरा हो लजाउन हुँदैन भन्ने सन्देश दिन चित्र बनाएको छु ।"

कक्षा ११ मा अध्ययनरत दिपक देवकोटाले ऐनापहरा र हात्तीको आकृतिलाई चित्रमार्फत उतारेका छन् । गाउँपालिकाभित्रका पर्यटकीयस्थललाई चित्रमार्फत प्रवर्द्धन गर्न त्यसलाई कागजमा उतारेको उनले बताए ।

उनले भने, "चित्रकलालाई आम्दानीको स्रोत बनाउने लक्ष्यसहित चित्र बनाउन सिकेको हुँ ।"

उनीहरु जस्तै कक्षा ११ मा अध्ययनरत २० विद्यार्थीलाई चित्रकला सिकाइ तालिम दिइएको छ । 'पढ्दै कमाउँदै' कार्यक्रमअन्तर्गत आँबुखैरेनी गाउँपालिकाले चित्रकला सिकाइ तालिम प्रदान गरेको हो । विद्यार्थीलाई पढाइसँगै सीप सिकाएर आत्मनिर्भर बनाउन यो कार्यक्रम ल्याइएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए ।

शिक्षा, युवा तथा खेलकुद शाखामार्फत विद्यार्थीको अतिरिक्त क्रियाकलापलाई उजागर गर्ने र पढ्दै कमाउँदै भन्ने उद्देश्यलाई सार्थकता दिन विद्यालयमा चित्रकला कक्षा सञ्चालन गरिएको चुमानको भनाइ छ ।

सैद्धान्तिक पढाइसँगै व्यावहारिक शिक्षालाई पनि समानान्तररुपमा अघि बढाउने योजनासहित पालिकाको विभिन्न कार्यक्रममध्ये चित्रकलालाई पनि प्राथमिकतामा राखेर कार्यक्रमलाई अघि बढाइएको चुमानले बताए ।

उनले भने, "चित्रकला सिकाइले विद्यार्थीको कलालाई उजागर गर्नुका साथै विद्यार्थीमा रचनात्मक र सिर्जनात्मक कार्य गर्न प्रेरणा मिल्छ, चित्रकला आम्दानीको स्रोत बन्नसक्छ भनेर यसलाई अगाडि बढाएका हौँ ।"गाउँपालिकाको वार्षिक कार्यक्रमअनुसार पढ्दै कमाउँदै कार्यक्रममार्फत विद्यालयमा चित्रकला तालिम प्रदान गरिएको प्रशिक्षक पवन नेपालीले जानकारी दिए ।

उनले भने, "पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत विभिन्न सीप सञ्चालन भइरहेका छन्, सोहीबमोजिम विद्यार्थीलाई चित्रकला सिकाइएको हो ।"

विद्यार्थीको सक्रिय सहभागिता र सिकाइले उत्साहित बनाएको नेपालीको भनाइ छ । उनले भने, "विद्यार्थीले बनाएको चित्र खरिदका लागि माग आइसकेको छ, यसलाई व्यवस्थित गर्न सकिए चित्रकला आम्दानीको राम्रो माध्यम बन्नेछ ।" उनका अनुसार गाउँपालिकाभित्रका अन्य विद्यालयमा पनि चित्रकला प्रशिक्षण सञ्चालन गरिनेछ ।

विद्यार्थीले सामाजिक हिंसा, गाउँपालिकाभित्रका पर्यटकीयस्थल, समाजमा हुने घटना न्यूनीकरणजस्ता विषयलाई चित्रमार्फत वर्णन गरेका छन् ।

# संरक्षणको पर्खाइमा वाग्मा पोखरी

टुडे समाचारदाता

फुङ्लिङ । ताप्लेजुङको मिक्वाखोला गाउँपालिकामा रहेको पर्यटकीय सम्भावना बोकेको वाग्मा पोखरी ओझेलमा परेको छ । मिक्वाखोला गाउँपालिका-४ साँवामा रहेको वाग्मा पोखरी आवश्यक संरक्षणसँगै प्रचारप्रसारको पर्खाइमा छ ।



धार्मिक दृष्टिकोणले प्रसिद्ध मानिने मानाभराको काखमा पर्ने वाग्मा पोखरी पूर्वाधार, संरक्षण र प्रचारप्रसारको अभावमा ओझेलमा परेको स्थानीयको भनाइ छ। स्थानीयका अनुसार यो पोखरी करिब पाँच रोपनी बराबरको क्षेत्रफलमा फैलिएको छ । मानव बस्तीभन्दा केही टाढा हरियाली वनको बीचमा एकान्त वातावरण रहेकाले पोखरीको संरक्षण तथा प्रवर्द्धन गर्नुपर्ने स्थानीय बताउँछन् ।

निकै सुन्दर र आकर्षक देखिने वाग्मा पोखरी पर्यटकीय सम्भावना बोकेको भए पनि प्रवर्द्धनका लागि तीनै तहका सरकारले प्राथमिकता नदिएको पाइएको छ । पोखरीलाई पर्यटकीय गन्तव्य बनाउने योजनासँगै आवश्यक संरक्षण र प्रचारप्रसार गर्नुपर्ने स्थानीयको भनाइ छ । पोखरीको प्रवर्द्धन र प्रचारप्रसार गर्नसकेमा पर्यटकको धेरै उपस्थितिको सम्भावना रहेको मिक्वाखोला गाउँपालिकाका अध्यक्ष भक्तबहादुर कार्कीका स्वकीय सचिव घनेन्द्र थापाले बताए । थापाका अनुसार मिक्वाखोला-४ साँवामा स्थापित पर्यटकीय गन्तव्य फुङ्फुङ्गे झरना, वडा-५ पापुङको तोक्पेगोला लोदेन क्षेत्रसँगै वाग्मा पोखरीलाई पनि पर्यटकीय गन्तव्य बनाउन सकिन्छ ।

गाउँपालिकाका अध्यक्ष कार्कीले पर्यटकीय शृंखलाअन्तर्गत तोक्पेगोला लोदेन क्षेत्र, फुङ्फुङ्गे झरना र वाग्मा पोखरीलाई जोड्न सकिने भए पनि विकास र प्रवर्द्धन हुन नसकेको बताए। गाउँपालिकाले आफ्नो नीति कार्यक्रममार्फत यस पोखरीलाई समावेश गरी मिक्वाखोलालाई पर्यटकीय हवका रुपमा विकास गर्नेगरी योजना बनाइरहेको उनले बताए ।

गाउँपालिकाले पर्यटन प्रवर्द्धनका योजना बनाइरहँदा बजेट अभावले योजना कार्यान्वयनमासमस्या रहेको उनको भनाइ थियो ।

वाग्मा पोखरीसहितका पर्यटकीयस्थलको विकासका लागि सङ्घ र प्रदेश सरकारसमक्ष योजना प्रस्ताव गरिँदै आइएको स्वकीय सचिव थापाले जानकारी दिए । उनका अनुसार पोखरी पुग्ने पदमार्गको स्तरोन्नति गर्नुपर्ने, सडक पुऱ्याउनुपर्ने र अन्य संरचना तथा पूर्वाधार निर्माण गर्नुपर्ने आवश्यक देखिएको छ । आवश्यक संरक्षण, प्रचारप्रसारसँगै पोखरीलाई पर्यटकीय गन्तव्यका रुपमा प्रवर्द्धन गर्नका लागि पूर्वाधारको अभाव हुँदा प्रशस्त सम्भावना भएर पनि ओझेल परेको थापाले बताए । उनका अनुसार पालिकाले यस विषयमा आवश्यक पहल र समन्वय गरिरहे पनि सोचेअनुसार प्रगति नभएको बताए ।

जिल्लाको एक पर्यटकीयस्थलका रुपमा रहेको वाग्मा पोखरी पुग्नलाई सदरमुकाम फुङ्लिङदेखि दोभान सान्थाक्रा तथा खोक्लिङ लिवाङ हुँदै गाउँपालिकाको प्रशासकीय केन्द्र थलङ र थलङ, साँवा सिरान हुँदै जान सकिन्छ । त्यस्तै फुङ्लिङदेखि फक्ताङ्लुङ गाउँपालिकाको लिखिम सिँवा बजार, खेजेनिम, सिबुक हुँदै पनि वाग्मा पोखरी पुगिन्छ ।

### युवा संघको तीन दिने प्रशिक्षण सुरु

# युवाहरुको क्षमता अभिवृद्धि हुनु पर्छ : अध्यक्ष यादव




**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी(जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले युवाहरुको क्षमता अभिवृद्धिमा जोड दिनुपर्ने बताएका छन् ।

समाजवादी युवा संघ केन्द्रीय समितिद्वारा शनिबार देखि सुरु भएको प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले पछिल्लो समय नेपाली युवाहरुको बौद्धिकता कमजोर हुँदै गइरहेको बताए ।

अध्यक्ष यादवले पछिल्लो समय उदय भएको राजनीति पार्टीको कमजोर विचार, सिद्धान्त र राजनीतिक संस्कारका कारण पनि यस्तो हुन् गएको बताए ।

'नयाँ पुस्ता राजनीतिमा आउनु सकारात्मक कुरा भए पनि राजनीतिक रुपमा उनीहरु कमजोर रहेका छन्, नयाँ दलमा अधिकांश युवाहरुमा राजनीतिक संस्कार, विचार र सिद्धान्तको कमी छ' उनले भने । पहिलेको समयमा युवाहरुमा एउटा विचारधारा प्रष्ट हुन्थ्यो, पछिल्लो समयमा यि समस्याहरु थपिदै गएको उनले बताए ।

पछिल्लो समयका युवाहरु अपवाह "रियूमर्स"को पछाडि बढी लाग्ने गरेको भन्दैं चिन्ता व्यक्त गर्दै उनले अबको आधुनिक राजनीति अध्ययन बिना प्रभावकारी नहुने भन्दैं युवाहरुलाई बढी भन्दा बढी अध्ययन गर्न सुझाब दिए ।

त्यस्तै, उदघाटन सत्रलाई सम्बोधन गर्दै मधेश प्रदेशका आन्तरिक, सञ्चार तथा कानुन मन्त्रालयका पूर्व मन्त्री ज्ञानेन्द्र यादवले अबको समयमा बौद्धिक प्रशिक्षणले मात्रै संघीय गणतान्त्रिक लोकतन्त्रलाई संस्थागत गर्न सक्ने बताए । उनले पछिल्लो समय संघीय लोकतान्त्रिक गणतन्त्रको बिरोधमा विभिन्न षडयन्त्रहरु सुरु भएको भन्दैं युवाहरु सचेत हुने अवस्था आएको समेत बताए ।

त्यस्तै, मधेश प्रदेश सरकारका उर्जा, सिँचाई तथा खानेपानी मन्त्री सिहांसन सा कलवारले युवाहरुमा अध्ययन तिर रुचि घट्दै गएको भन्दैं चिन्ता व्यक्त गरे । उनले पछिल्लो समय मुलुकमा आएको नकारात्मक राजनीतिक ट्रेन्डका कारण युवाहरुले अध्ययनमा रुचि नदेखाएको बताए । मधेशका युवामा क्षमता हुँदा हुँदै पनि अफवाह तर्फ लागेको र आफ्नो बौद्धिकता प्रयोग गर्न नसकेको भन्दैं दुखेसो व्यक्त गरे । मन्त्री कलवारले मधेशका युवामा बौद्धिक सक्रियता घट्नुले समाज पनि सही गलत छुट्याउन नसक्ने भएको तर्क गरे ।

जसपा मधेश प्रदेशका अध्यक्ष बालकिशोर यादवले युवाको व्यक्तिगत, राजनीतिक र सांगठनिक जीवनमा निखारता ल्याउने बताए । पार्टीको विचार, नीति र सिद्धान्तको बारेमा जानकारी पाएपछि समुदायमा लिएर जान सहज हुने उनले बताए । उनले युवालाई अनुशासित हुनु जरुरी रहेको बताउँदै पार्टीले लिएको लक्ष्य पाउन सफलता प्राप्त हुने विश्वास व्यक्त गरे । कार्यक्रममा मधेश प्रदेशका पूर्व प्रदेशसभा सदस्य बिक्की यादवले युवाहरुमा देखिएको केही अभावहरु यस प्रशिक्षणवाट पूर्ति हुने विश्वास व्यक्त गरे । उनले युवाहरु देश विदेशमा परिवर्तन ल्याए तर आर्थिक समृद्धिको बाटोमा कसरी हिड्न सकिन्छ त्यस तिर सकारात्मक रुपमा अगाडि बढ्नकालागि युवाहरुलाई आग्रह गरे । युवाहरुमा आत्मविश्वासको आवश्यकता रहेको बताउँदै अधिकार पाउने सवालमा युवाहरु बञ्चित हुनुको कारण नै हामी युवा संगठित नहुनु रहेको बताए ।

शनिबारबाट सुरु भएको सो कार्यक्रममा फाल्गुन ८ गतेसम्म चल्ने छ । सो कार्यक्रममा जनता समाजवादी पार्टी(जसपा) नेपालका भातृसंगठन समाजवादी युवा संघका सातै प्रदेशका पदाधिकारीहरुको उपस्थिति रहेको छ । तीन दिन सम्म चल्ने सो कार्यक्रममा जसपा अध्यक्ष यादव मुख्य प्रशिक्षक रहेका छन् । भने सो प्रशिक्षणमा उनले राजीनित शास्त्र, समाजवाद शास्त्र, संघीयता, मधेश, मधेश आन्दोलन, विश्व राजनीति, राज्य संचालनका विधि प्रक्रिया, विश्व क्रान्ति लगायत विषयमा प्रशिक्षण दिने छन् । यसअघि जसपा अध्यक्ष यादवले जसपाका भातृसंस्थाहरु समाजवादी महिला संघ, प्रेस मञ्च नेपाल र मधेश प्रदेश समितिका पदाधिकारीहरुलाई प्रशिक्षित गरिसकेका छन् ।

# विकास, शिक्षा र स्वास्थ्यमा राजनीति नहोस : मुख्यमन्त्री यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा क्याथ ल्याबको उद्घाटन गरिएको छ ।

मुख्यमन्त्री सरोजकुमार यादव र स्वास्थ्य तथा जनसंख्यामन्त्री वीरेन्द्रप्रसाद सिंहले संयुक्त रूपमा क्याथ ल्याबको उद्घाटन गरेका छन् ।

जनकपुरधाममा शनिबार मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको वार्षिकोत्सवको अवसरमा मुख्यमन्त्री यादव र स्वास्थ्य तथा जनसंख्यामन्त्री सिंहले प्रतिष्ठान मातहतको प्रादेशिक अस्पताल जनकपुरधाममा जडित मुटु रोगको उपचारका लागि अत्यावश्यक मानिएको क्याथ ल्याब सञ्चालनमा आएको छ ।

मुख्यमन्त्री यादवले स्वास्थ्य क्षेत्रको सुधारको लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । उनले स्वास्थ्य क्षेत्रको भौतिक पूर्वाधार विकासमा मधेश प्रदेशले फड्को मारेको

**उपचारको लागि काठमाण्डु जाने धरान, चितवन रेफर गर्ने अवस्थाको पनि अन्त्य हुनुपर्ने आवश्यकतामा उनले जोड दिए ।**

बताउँदै दक्ष जनशक्तिको व्यवस्थापनमा कुनै कमी हुन नदिने प्रतिबद्धतासमेत व्यक्त गरे । विकास, शिक्षा र स्वास्थ्य गरी तीनवटा कुरामा राजनीति गर्न नहुने मुख्यमन्त्री यादवले बताए । यसअघि बजेटको सकसबारे उठेको प्रश्नमा मुख्यमन्त्री यादवले भने- 'प्रतिष्ठान संचालनमा जति रकम चाहिन्छ एक रुपैयाँ पनि कन्जुस्याईं गर्दिन् । तर बजेटले मात्र हुँदैन, गुणस्तरीय सेवा पनि दिइनुपर्दछ ।'



उपचारको लागि काठमाण्डु जाने धरान, चितवन रेफर गर्ने अवस्थाको पनि अन्त्य हुनुपर्ने आवश्यकतामा उनले जोड दिए । उपकुलपति नियुक्तिबारे आफू र स्वास्थ्य तथा जनसंख्या मंत्रीबीच मनमुटाव रहेको आरोप तथ्यहीन रहेको बताए ।

सोही अवसरमा स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र प्रसाद सिंहले प्रतिष्ठानलाई अध्ययन र अध्यापनको क्षेत्रमा प्रदेशकै गौरवमय संस्था बनाउने प्रतिबद्धता व्यक्त गरे । उनले विगतका सम्पूर्ण कुराको अनुभव लिएर हामी बढ्छौ भन्दै स्वास्थ्य सेवासँग सम्बद्ध सबैलाई सकारात्मक सोच राखेर प्रतिष्ठान र प्रादेशिक अस्पताललाई अघि बढाउनुपर्ने आवश्यक्तामाथि जोड दिए ।

कार्यक्रममा प्रतिष्ठानका रजिष्ट्रार प्राध्यापक डा. विनोदकुमार यादवले प्रतिष्ठानको शाख बढाउनका लागि सवैको सहयोग र सहकार्यको आवश्यकता रहेको बताए । उनले आगामी दिनमा प्रतिष्ठानले अझ थप सशक्त रुपमा प्रस्तुत हुने विश्वास व्यक्त गरे ।

उनले जनताको स्वास्थ्य सेवालाई सुनिश्चित गर्न इविडेन्स वेस उपचारलाई प्राथमिकतामा राखेर काम भइ रहेको बताए । प्रादेशिक अस्पताल जनकपुरधामका निर्देशक डा. रामनरेश पण्डितले संचालक परिषद् सदस्यद्वय डा. प्रमोद कुमार सर्राफ र प्रादेशिक अस्पताल जलेश्वरका अध्यक्ष मिनु झालगायतले अप्ठयाराहरुका बीच पनि प्राप्त उपलब्धिलाई अघि बढाउनुपर्ने र प्रदेश सरकारले आफै नीति निर्माण गरी विकासको कार्य अगाडि बढाउनुपर्ने आवश्यकता औल्याए ।

प्रादेशिक अस्पतालमा सुरु भएको क्याथ ल्याब सेवाबारे मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका रेक्टर प्रा.डा. अंकुर साहले जानकारी दिए ।

# सुडी समाजको महाधिवेशन

**टुडे समाचारदाता**

जनकपुरधाम । सुडी समाजको उत्थान, पहिचान र सम्मानका लागि सुडी समाज महासंघ नेपालको प्रथम महाधिवेशन जनकपुरधाममा सुरु भएको छ ।

११२ वर्षीया वृद्धा मरनी देवी साहको प्रमुख आतिथ्यतामा महाधिवेशन सुरु भएको छ । प्रमुख अतिथि मरनीले स्वजातियको लागि सबै मिलेर अघि बढेमा आर्थिक, सामाजिक, राजनीतिक र संस्कृति क्षेत्रको उजागर गर्नका लागि महत्वपूर्ण भूमिका खेल्ने बताइन् । सो महाधिवेशनमा अखिल भारतीय सोन्डिक संघका उपसभापति दिलीप कुमारले महाधिवेशनबाट नेपालको राजनीतिमा आफ्नो पहुँच बढाउनका लागि एकअर्कालाई सहयोग गरेर अघि बढ्न सुझाए ।

सीतामढी युवा संघ जिल्ला परिषद्का अध्यक्ष अजय पूर्वेले नेपाल र भारतमा रहेका सुडी समुदाय बीचको परसपर सम्बन्धले हामी बीचको राष्ट्रियता नै नरहेको बताए । आर्थिक, सामाजिक, संस्कृतिक र व्यवसायिक सम्बन्धका कारण हामी बीचको राष्ट्रियता गौण रहेको स्वीकार गर्नुपर्ने उनको भनाइ थियो ।

दुई दिन सम्म चल्ने महाधिवेशको उद्घाटनसत्रमा सुडी समाज महासंघ नेपालका महामन्त्री श्यामसुन्दर प्रसाद, मुम्बई शोनिक सुडी समाजका अध्यक्ष रमेश राउत, सुडी युवा भारतका अध्यक्ष प्रह्लाद पूर्वे, गिनीज बुकमा नाम दर्ज गराएका जनकपुरधामका युवा डा. नवल पञ्जियारलगायतकाले महाधिवेशन सफलतापूर्वक सम्पन्नका लागि शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

**उद्घाटनसत्रमा प्रेस स्वतन्त्रता सेनानी रामभरत साह, गिनीज बुकमा नाम दर्ज गराउन सफल रहेका डा. नबल पञ्जियार, प्रा. राकेश नायकलगायतकालाई सम्मानसमेत गरेको थियो ।**

यस महाधिवेशनको उद्घाटनसत्रमा प्रेस स्वतन्त्रता सेनानी रामभरत साह, गिनीज बुकमा नाम दर्ज गराउन सफल रहेका डा. नबल पञ्जियार, प्रा. राकेश नायकलगायतकालाई सम्मानसमेत गरेको थियो । सुडी समाज महासंघ नेपालको महाधिवेशनको बन्दसत्रबाट नयाँ नेतृत्वसमेत चयन गर्ने आयोजकले जनाएको छ ।

# आगलागीमा पाँच घर नष्ट



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. २ लौनियामा शनिबार बिहान भएको आगलागीमा पाँच घर जलेर नष्ट भएको छ ।

स्थानीय हरी किसुन मण्डलको गाईगोठबाट सल्केको आगोले छिमेकी विजय मण्डल, रामरतन मण्डल, भरत साफी र बिन्देश्वर साफीको एक/एक घर जलेर नष्ट भएको छ ।

वडा नं. २ अध्यक्ष कमल मण्डलका अनुसार आगलागीमा घरको अन्नपात, गरगहना, लत्ताकपडा, फर्निचर र अन्य सामान समेत जल्दा करिब २५ लाख बराबरको क्षति भएको छ ।

स्थानीयवासीको मद्दतमा राजविराज नगरपालिकाबाट पुगेको बारुणयन्त्रले आगो नियन्त्रणमा लिएको थियो ।

# सुकुम्बासीलाई जग्गा फिर्ता हुने आश

**टुडे समाचारदाता**

जलेश्वर । आफ्नो भोगचलनमा रहेको जग्गा अर्कैको नाउँमा दर्ता हुँदा विरक्तिएका महोत्तरीको भङ्गहा-४ थारूटोल बनराका सुकुम्बासीलाई अब भने राहत पाइने आश जागेको छ । आफ्नै ठाउँबाट धपिनुपर्ने पीडा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई सुनाएपछि उहाँले जग्गासम्बन्धी छानबिन गरिने प्रतिबद्धता जनाएपछि आश पलाएको छ ।

"करिब २५ वर्षदेखि हाम्रो जग्गा अर्कैले भोगचलन गर्दैछन", सुकुम्बासी बस्तीका कैलाश चौधरी थारूले भने, "यसपालि प्रधानमन्त्रीले छानबिन आयोग बनाउन सम्बद्ध अधिकारीलाई निर्देशन दिनुभएको छ ।'' प्रधानमन्त्रीको निर्देशनले थारूटोल बनराका सुकुम्बासीले न्याय पाउने उनले बताए ।

रातु नदीको नदी उकास क्षेत्रमा २००० सालदेखि बसोबास गर्दै आएका आदिवासी थारू एवं मुसहर, बाँतर, चमार, खत्बेलगायतका दलित परिवारका चौथो पुस्ताका सन्तान यहाँ बस्छन् । विसं २०५१ मा सरकारले सुकुम्बासी समस्या समाधान आयोग बनाएर लालपुर्जा दिने आश्वासन दिएको थियो । आफ्नो जग्गा अर्कैको नाउँमा दर्ता भएको थाहापाएपछि उनीहरु निराश छन् ।

"पहिला चालै पाइएन, १०-१२ वर्षपछि नचिनेका बाहिरी व्यक्ति मेरो जग्गा भन्दै आउन थाले", सो बस्तीकी ७५ वर्षीया रामसुनरदेवी थारूले भनिन्, "अनि जग्गाबारे खोजीनीति हुन थाल्यो ।" प्रधानमन्त्री स्वयंले तत्परता लिएभएपछि जग्गाबारे खोजबिन हुने विश्वास बढेको उनको भनाइ छ ।

थारूटोल बनरामा चार पुस्तादेखि घरझुप्रा बनाएर बसोबास गर्दै र पर्ति जग्गा खनजोत गर्दै आएका एक सय ८७ परिवारको जग्गा जति अर्कैको नाउँमा दर्ता भएपछि बिचल्ली भएको छ । "हाम्रो टेक्ने समाउने केही आधार रहेन", स्थानीय जयकरण बाँतरले भने ।

सुकुम्बासीले बिहीबार प्रधानमन्त्री दाहालसँग भेटघाट गरेका थिए । थारूटोल बनराको सुकुम्बासी बस्तीको जग्गा दर्ताबारे छानबिन हुनपर्ने, जग्गा दर्ता गराउने अधिकारी र भूमाफियालाई कारबाही हुनपर्ने, बाहिरी व्यक्तिका नाममा दर्ता भएको स्वामित्व खारेज हुनपर्ने र घरझुप्रा बनाएर बसेका सुकुम्बासी तथा खनजोत गर्दै आएका भूमिहीनका नाममा जग्गा दर्ता गरिनुपर्ने सुकुम्बासीको माग छ ।

**भिजिट तथा पर्यटक भिसामा विदेश यात्रा गर्दा आवश्यक पर्ने कागजातहरु**

अनुमति प्राप्त मुलुकहरुमा पर्यटकको रुपमा जाँदा भिजिट तथा पर्यटक भिसामा देहायका कागजात आवश्यक पर्दछ :

- कम्तीमा ६ महिनाको वैध अवधि भएको राहदानी,
- सम्बन्धित देशको प्रवेशाज्ञा (Visa),
- दुईतर्फी हवाई टिकट,
- भ्रमण अवधिभरको होटल बुकिङ्ग वा आफन्संग बस्ने भए एकाघरका लागि तीन पुस्ताभित्रको नाता खुल्ने प्रमाण,
- भ्रमण खर्च व्यहोर्ने संस्थाको निमन्त्रणा पत्र वा कम्तीमा ५०० अमेरिकी डलर बराबरको नगद सटहीको प्रमाण ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**आवश्यकता**

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

**कम्प्युटर अपरेटर - १ (एक) जना**
**लेखापाल - २ (दुई) जना**

(व्यवस्थापन संकायमा स्नातक उत्तिर्ण गरी कम्प्युटर सम्बन्धी ज्ञान भएको/महिलालाई विशेष प्राथमिकता)

सम्पर्क
**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८